# झुलेनी पोष्ट

विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड
Email : jhulenipyuthan@gmail.com

वर्ष ८, अंक ८ २०७८ भाद्र २२ मंगलवार (Jhuleni Post Weekly) 7 Sept.2021, पृष्ठ ८, मुल्य रु. २०


साप्ताहिक


# यसरी बन्यो प्यूठानमा कम्युनिष्टको जग

## फूटपछि पनि प्यूठानमा कम्युनिस्टकै जनमत


मोहनविक्रम सिंह


मोहन वैद्य


विर बहादुर सिंह


खगुलाल गुरुङ

**झुलेनी नेटवर्क/प्यूठान**

प्यूठान जिल्लालाई 'कम्युनिस्टको उद्गम जिल्ला'का रुपमा बुझ्ने गरिन्छ । यहाँबाट सुरु भएको कम्युनिस्ट राजनीति रोल्पा, रुकुम हुँदै अन्य स्थानसम्म फैलियो । प्यूठानबाट पहिलोपटक गठन गरिएको कम्युनिस्ट पार्टीकै एउटा रुपले २०५२ सालमा पुग्दा रोल्पाबाट 'माओवादी जनयुद्ध' ग्रहण गऱ्यो । त्यसको प्रभाव प्यूठानमा समेत पऱ्यो । त्यसबीचमा कम्युनिस्टको राजनीति विभिन्न चिरा-चिरामा विभाजित भएका छन् तर, पनि जनमतको आधारमा प्यूठान कम्युनिस्टकै गढ मानिन्छ । पहिलो सिंगो एउटा कम्युनिस्ट पार्टीबाट हाल प्यूठानमा नेकपा एमाले, नेकपा माओबादी केन्द्र, नेकपा मसाल,नेकपा क्रान्तिकारी (बैद्ध समुह), नेकपा माओबादी (बिप्लब समुह), नेकपा माले, नेकपा (एकिकृत समाजबादी) पार्टी क्रियाशिल छन् । प्यूठानलाई धेरै कम्युनिस्ट नेता जन्माउने जिल्लाको रुपमा हेरिन्छ । कम्युनिस्ट कार्यकर्ता र नेता उत्पादन गने क्रममा ७७ जिल्ला मध्ये प्यूठानलाई पहिलो नम्बरमा लिन सकिन्छ । साविकको राप्ती अञ्चलकै पुरानो, गतिशील र जेठो कम्युनिस्ट आन्दोलन समेत प्यूठानको रहेको कम्युनिस्ट नेताहरु दावी गर्छन् । यहाँको कम्युनिस्ट राजनीतिमा हुर्के-बढेका नेताहरुको देशमै सशक्त उपस्थिति छ । मोहनविक्रम सिंह, मोहन वैद्य, बामदेव गौतम, लिलामणि पोखरेल, मणि थापा, सूर्य थापा, नवराज सुबेदी, कृष्णध्वज कड्का, हरी रिजाल लगायतका नेता प्यूठानीनै हुन् । उनीहरु अझैपनि कम्युनिस्ट राजनीतिमा क्रियाशील र सक्रिय छन् । प्यूठान कम्युनिस्ट नेता जन्माउने जिल्ला मात्र नभएर सधैं कम्युनिस्टको गढ जस्तै बन्यो । २०१५ सालको आम निर्वाचन बाहेक बहुदलीय व्यवस्थापछि हरेक निर्वाचनको मतको आधारमा कम्युनिस्ट पार्टी प्यूठानमा पहिलो नम्बरमै पर्छ । पछिल्लो निर्वाचन २०७४ को समानुपातिक मत परिणाम हेर्दा कम्युनिस्ट पार्टीको मत अन्य पार्टीको तुलनामा धेरै अन्तरले अडाडि छ । मत परिणाम अनुसार नेकपा एमालेले २४ हजार ७ सय ६३, मसालको चुनाबी मोर्चा राजमोले १५ हजार ४ सय ४७ र नेकपा एकीकृत (माओबादी केन्द्र) ले १४ हजार ८२ मत पाएको थियो

बाँकी ७ पेजमा.....

### पञ्च्यातले कांगेसलाई दवायो


शालिकराम पण्डित

नेपाली कांग्रेसका पूर्व पार्टी सभापति शालिकराम पण्डित यो कुरा स्विकार गर्दैनन् । उनले २०१७ साल सम्म बलियो रहेको कांग्रेसलाई राजा महेन्द्रले कु गरे पछि देश निकालामा पर्दा कम्युनिस्टले संगठन विस्तार गर्न मौका पाएको बताए । 'त्यसबेलाको सत्ता काँग्रेस विरोधी थियो,' पण्डितले भने, 'काँग्रेसका नेतालाई विभिन्न मुद्दा लगाएर जेल हालियो । कतिलाई देश निकाला गरियो ।' २०१७ सालपछि प्यूठानमा कम्युनिस्टहरुले शिक्षक मार्फत् राजनीति गरेर संगठन बलियो बनाएको पण्डितको बुझाइ छ ।

## हाम्रो नजर

# चिस्यान केन्द्रले मन चिसो



*प्यूठान नगरपालिका-४, बिजुवारमा १०० मेट्रिक टन क्षमताको शीतभण्डार सञ्चालन भएको छ । शीतभण्डार निर्माण भएर सञ्चालनमा आएपछि यस क्षेत्रका किसान हौसीएर आफूले उत्पादन गरेको उत्पादन शितभण्डारमा राखेका छन् । तर, शितभण्डारीमा राखीएका कृषी उपजको गुणस्तर खस्कीएको किसानले गुनासो गरेका छन् । किसानले पैसा तिरेर राखेको प्याज उम्रिएको गुनासो छ । अन्य राखीएका बस्तु पनि बिग्रीएको भनेका छन् ।*

*१ करोड ५० लाख लागतमा निर्माण भएको शीतभण्डार व्यवस्थीत सञ्चालन नहुँदा यस्तो समस्या आएको हो । यसमा प्यूठान नगरपालिका चनाखो हुनुपर्ने भएको देखिदैन । प्यूठान नगर पालिका आसपासमा उत्पादित फलफूल तरकारीको गुणस्तर नबिग्रने गरी लामो समय सम्म राख्न का लागि प्यूठान नगरपालिका मार्फत प्रदेश सरकारको बजेटमा शीतभण्डार निर्माण भएको हो । शितभण्डारको च्याम्बर बनाउदा बिगारेको र लाइन गएको समयमा जेनेटर समयमै नचलाएको कारण समस्या आएको स्थानीय अगुवा किसानहरुको गुनासो छ । प्राविधिक समस्या सुधार गर्दै जे उदेश्य लिएर शितभण्डार निर्माण गरिएको हो त्यही ढंगले सञ्चालनमा प्यूठान नगरपालिका चनाखो नहुँदा विजुवारमा निर्माण भएको शितभण्डारले किसानको मन चिस्याएको छ ।*

# स्थानीयको अग्रसरताले बसपार्क सञ्चालन



*प्यूठान नगरपालिका-७,टिकुरीमा निर्माण भएको बसपार्क भर्खरैबाट सञ्चालनमा आएको छ । व्यबस्थित बसपार्क नहुँदा बाग्दुला क्षेत्रमा गाडी पार्कीङ गर्न समस्या थियो । यहाँको बसपार्क निर्माण हुनु खुसीको कुरा हो । विकास निर्माणको लागि बजेट परेर कार्यन्वयन गर्ने समयमा भएको बिरोधका कारण बसपार्क समयमै सञ्चालन गर्न समस्या भएको थियो ।*

*टिकुरीको बसपार्क निर्माणमा यस क्षेत्रका समाजसेवी आगुवाहरुले निकै पहल गरेका थिए । टिकुरी-प्रतिक्षालय-बसपार्क-बाग्दुला करिब ९ सय मिटर सडक कालोपत्रे गर्ने समयमा फराकीलो बनाउ'दा निकै किचलो भयो । अदालतमा मुद्दा समेत हालियो । अन्तत्वगत्व समस्या समाधान भएर सडक निर्माण पुरा भएको छ । बसपार्क निर्माण भएको छ । अदालतले ४ मिटर भन्दा बढी चौडा बनाउन प्रयोग गर्ने जमिनको मुआब्जा (क्षतिपुर्ति) दिने फैसला गरेको थियो । यसपछि सडक क्षेत्रमा जग्गा भएकाहरुले किचलो झिकेका थिए । समस्याको समाधानमा स्थानीय सरकारको समेत पहल रह्यो । त्यपछि बसपार्क सञ्चालनमा सहज भएको हो ।*

*यहीकै सडकमै बाग्दुला बाग्दुला तर्फ अर्का स्थानीयले सडक निर्माण गर्दा गरेको सहमति अनुसार पाउनुपर्ने रकम नपाएको भन्दै सडकमै वाल लगाएका थिए । यो विवाद समेत समाधान गरि वाल भत्काइएको छ । हिजोआज बाग्दुलाबाट प्रवेश गरेको गाडि बसपार्क हुँदै टिकुरी निस्कन्छन । यसले बाग्दुला पुलचोक क्षेत्रमा हुने सवारी चाँपलाइ धेरै कम गराएको छ । निरन्तर लागेपछि समस्या समाधान हुन्छ भन्ने एउटा नमुना उदाहरण प्यूठानको बाग्दुला बसपार्क पुग्ने सडक र बसपार्क निर्माणले देखाएको छ ।*

## जीवनको रंग

# लकडाउनले गुरुङलाई फर्कायो कृषि कर्ममा

## झिमरुक फाँटमा ड्र्यागन खेती

**तेजेन्द्र बिएम**
**प्यूठान**



लामो समय काठमाडौंमा बसेर खुद्रा व्यबसाय गर्ने यहााका ५७ वर्षिय लोकबहादुर गुरुङ अहिले गाउामै कृषि कर्ममा रमेका छन् । करिब २० वर्ष काठमाडौमै बिताएका गुरुङ पछिल्लो २ वर्षदेखि प्यूठान नगरपालिका-७, स्थित गाजुरीको झिंमरुक फाँटमा कृषि कर्म गरेर बसेका छन् । मल्लरानी गाउँपालिका-४, निवासी गुरुङ कोरोना भाइरस कोभिड-१९,का कारण मुलुकभर लकडाउन भएपछि गाउा फकेका हुन् । गाउा फर्किएपछि उनी काठमाडौ फर्कने मन गरेनन् । यतै पौरख गर्ने सोंच बनाए । उनले यहाॅ बसेर ड्र्यागन खेती र कुखुरा पाल्न थाले । 'ड्र्यागन खेती प्यूठानको लागि नयाा ब्यवसाय हुने सोंचे',उनले भने,'त्यसपछि युटुवमा यस सम्बन्धी भिडियोहरु हेर्न थाले ।'

युटुव हेरेर केहि सिकेपछि चितवन र दाङमा अध्ययनका लागि गएको उनको भनाई छ । त्यहााका फर्महरुमा अध्ययन गरे पछि गुरुङले डेढ बिघा जग्गा भाडामा लिएर व्यवसाय सुरु गरेका छन् । यो व्यवसायमा सहपाटी स्थानीय नविन श्रेष्ठको पनि साझेदारी रहेको गुरुङले बताए । जग्गा भाडामा लिएपछि खेतीका लागि उनले सिमेन्टका ९ सय पोलमा दुई हजार ७ सय ड्र्यागनका बिरुवा लगाएका छन् । ड्र्यागन खेती फूल फूल्न थालेको छ । बिरुवाहरु चितवन र दाङ्गको फर्मबाट झिकाईएको हो । रातो र सेतो जुबै जातका बिरुवा लगाएको उनले बताए । अन्य ठाउाका फर्महरुमा टायरको क्याप लगाउने गरेपनि आफूले बलियो र टिकाउ होस भन्नका लागि आरसिसि गरेर क्याप बनाइएको बताए । 'पहिले २०७७ कार्त्तिकमा लगाएका थियौं',उनले भने,'पछिल्लो केहि बिरुवा माघमा लगाएका हौं ।' यसको फल २ वर्षमा खान मिल्ने गुरुङको भनाई छ । फर्ममा काम गर्नका कामदार पनि राखेका छन् । उनी आफै पनि बिहान देखि साझसम्म रेखदेख, गोडमेल गदै आएका छन् । आफ्नै जिल्लामा व्यवसाय गरि जिल्लावासिलाई सस्तो र सुलभ दरमा उत्पादन गरी उपभोग गर्न पाउने अवसर प्रदान गर्नु आफ्नो लागि सौभाग्य हुने उनको भनाई छ । ड्र्यागन खेतीसागै गुरुङले पशुपालनमा समेत हात हालेका छन् । 'अहिले २ सय टर्कि, २ सय कडकनाथ जातको कुखुरा, २ सय बट्टाई पनि पालेका छौ,' उनले भने, 'चल्ला उत्पादनका लागि ह्याचिङ्ग मेसिन पनि राखेका छौं ।' जसले गर्दा फर्ममा चल्लाको संख्या बढेको छ । ड्र्यागन विरुवाको लागि कम्पोष्ट मोल चाहिने भएकाले भैंसि पाल्ने तयारी गरेको उनले बताए । 'आफ्नै क्षेत्रमा आएर व्यवसाय गर्न पाउँदा आनन्द महसुस भएका छ, अबको मेरो सन्तुष्टि यहि व्यवसाय हो ।'


**नगरवासीहरुमा प्यूठान नगरपालिकाको अनुरोध**

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं । अति आवस्यक काम परी घर बाहिर जानै पर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ । भिडभाड नगरौं । भौतिक दुरी कायम गरौं । स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं । नियमित रुपमा सावुन पानीले हात धुने गरौं वा बेला बेलामा सेनीटाइजरको प्रयोग गरौं । सजग रहौं र सचेत रहँदै कोरोनाबाट आफू पनि बचौं र आरुलाई पनि बचाऔं ।

**प्यूठान नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय विजुवार प्यूठान

झुलेनी पोष्ट
सम्पादकीय....

## सु:ख दु:ख पोख्ने पर्व तीज

*बिशेषगरि हिन्दु महिलाहरुको पर्व हो हरितालिका तीज। नेपालमा विशेष तामझामका साथ मनाईने तीजले आपसमा सहिष्णुता संस्कृतिको विकास गर्न मद्दत गर्छ । खास गरि माईती र दाजुभाई तथा दिदि बहिनीहरुका विचमा आपसी मित्रता र विशेष प्रकारको सम्बन्धको व्याख्या गरेको पाईन्छ । यसले दाजुभाई दिदीबहिनीहरुको मित्रता अकाट्य भएको देखाउन  खोजेको छ । अर्को तिर स्थानीय स्तरमा विभिन्न सँास्कृतिक प्रस्तुतिमा आम महिला दिदी वहिनीहरुले आफ्ना बर्ष भरिका पिडा व्यथाहरु ओकल्ने र समुदाय भरका महिलाहरुका बिचमा सुमधुर सम्बन्धको विकास गर्न मद्दत पुगेको छ । तर, पछिल्लो समय तीज होजो त्यस्तो छैन । आधुनिकताको नाममा तीजलाई परिमार्जित गर्न खोज्दा बिकृती बढेको छ ।*

*हाम्रो सस्कृतिलाई तोडमोड गरेर देखासीकि संस्कृतिको रुपमा आफुलाई उभ्याई रहेको छ । आम सर्व साधारणहरुले जुन मर्ममा तीजको संस्कृति मनाउने गरिरहेका थिए अहिले त्यो भन्दा फरक छ । पैसा उठाएर विभिन्न सघ संस्था क्लव तथा अन्य संस्थानहरुमा नाचगान गर्ने, गर गहना देखाउन प्रतिस्पर्धा गर्ने संस्कृतिको विकास पछिल्लो समय भैरहेको छ । यस्तो अवस्थामा विपन्न नागरिक मुकदर्शक भएर हेर्ने निराशा उत्पन्न गरेको छ । सामाजिक सुधार ऐनले धेरै कुरा बोलेको छ ।*

*राज्यले यस्तो विकृतितिर संस्कृति लैजाने र आम नागरिकलाई विलासी बनाउनेलाई कानुनको उचित घेरा बनाउन जरुरी छ । यसले हुँदा खाने र देखा सिकिमा तामझामको होड्वाजी गर्ने अनि भएर खाने वर्गको बिचमा ठुलो खाडल हटाउन मद्यत गर्छ । राज्य सगै हामी सचेत र सभ्य नागरिकहरुको दायित्व तीज तिहार दसै जस्ता पर्वलाई  आम नागरिकले अपनाउन सक्ने गरि संरक्षण र जगेर्ना गर्नु पर्छ । हामी विकृत होइन कि मौलिक र सभ्य भएर तीज मनाउन सकौ मनाऔ यो नै हाम्रो संस्कार हुनेछ । रातो सारी, हरियो पोते, चुरामा सजिएका महिलाको ओहोर– दोहोरले तीज आएको प्रष्ट सङ्केत दिएको छ। तीजको रौनक बढाएको हुन्छ । यस दिनमा उनीहरू परापूर्व कालदेखि आफ्नो दु:ख, वेदना पोख्ने गर्दछन्, रमाएर नाच्ने गर्दछन् । विगत देखिको कुरा हेर्दा यो पर्व महिला हक र अधिकारसँग जोडिएको पाइन्छ । महिलाहरू खास गरी विवाहितले आफ्नो घरमा सासुबाट पाएका पीडा, वेदनाहरु पोख्ने पर्वका रुपमा लिने गरिएको पाउँछौं । ती वेदना र पीडा आफ्ना साथीहरूका साथ गीत मार्फत् व्यक्त गरी नाचेर त्यसलाई बिसर्न खोज्नु ठूलो कुरा हो । यसले उनीहरुलाई एक दिन भएपनि खुसी भएर हलुका बनाउछ । तर अहिले स्थितिले परका बनेको छ । तीजका गीत र शैली फेरिएको छ । हिजो दु:ख, दर्द, वेदनाका गीतहरू गाएका सुनिन्थे भने अहिले प्रेमका गीतहरू गाएका सुनिन्छन् । हिजो यो महिलाको मात्र पर्व थियो भने अहिले यसमा पुरुष सहभागिता बढ्दो छ। यसपटकको तीज कोरोना महामारीकै बिचमा आएको । कोरोनाका कारण धेरैले अकाल मै ज्यान गुमाईरहेका छन् । चाडपर्वको बेला बढ्न सक्ने जोखिमलाई मध्यनजर गर्दै यसपालीको तीज मनाऔं । देखासिकी होईन आफुसंग जे छ त्यसैमा रमाऔं, सकारात्मक सन्देश दिदैं सभ्य भएर तीज मनाऔं । तीजको उपलक्ष्यमा सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना ।*

# स्थानीय तहमा बजेट तर्जुमाका चुनौतीहरू

स्थानीय तहमा बजेट व्यवस्थापन सम्बन्धी मुख्य कानूनहरुमा नेपालको संविधान (२०७२) को स्थानीय आर्थिक कार्यप्रणाली, स्थानीय सरकार संचालन ऐन, २०७४, प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४ मुख्य छन् भने संघीय तथा स्थानीय तहका बजेट तर्जुमा दिग्दर्शनमा बजेट तर्जुमा सम्बन्धी विविध व्यवस्थाहरु गरिएको छ ।

संविधान तथा कानूनमा व्यवस्था गरिए बमोजिम प्राकृतिक स्रोत र वित्त आयोगले पूर्णता पाउन नसक्दा बजेट बाँडफाँटका विश्वस्त आधारहरु तयार हुनसकेनन् नत बजेट तर्जुमाको क्रममा अर्थ मन्त्रालयले कानूनमा तोकिएका सबै आधारहरुलाई समेटी अनुदान र राजस्व बाडफाँटलाई यथार्थपरक बनाउन नै सक्यो ।

कानूनमा व्यवस्था गरिए बमोजिम अपवाद बाहेक स्थानीय तहले पौष महिना भित्रै राजस्व परामर्श समितिको बैठक राखी संघसँग आवश्यक बजेट प्रस्ताव गर्न सकेनन् । संघबाट पनि स्थानीय तहलाई २०७४ फाल्गुण मसान्तभित्र पठाइसक्नुपर्ने राजस्व बाँडफाँट र समानीकरण अनुदानको सैद्धान्तिक सीमांक २०७५ बैशाखको आधाआधी टरेपछि मात्र पठाइयो भने प्रदेश तहबाट चैत्र मसान्तभित्र पठाइसक्नुपर्ने त्यस्तो सीमांक हालसम्म पनि स्थानीय सरकारहरुले प्राप्त गर्न सकेका छैनन् ।

स्थानीय तहको बजेट व्यवस्थापनमा खड्किएको विषय भनेको संघीय सरकारको केन्द्रीकृत सोच हो । विद्यमान संरचना प्रशासनिक तथा बजेटजन्य हिसावले केन्द्रीकृत शैलीकै छ । तथ्यबाट के प्रष्ट हुन्छ भने प्रदेशबाट हस्तान्तरण हुने र कम बाहेक हालसम्म राजस्व बाँडफाँट समेतको रकम कुल बजेटको केबल १९.६८ प्रतिशत रकम स्थानीय तहलाई विनियोजन भएको देखिन्छ, जसमध्ये कुल १० अर्ब रकम समपूरक र सशर्त अनुदानका नाममा अवण्डा राखिएको छ । स्मरण र होस् आब २०७४/७५को बजेटको लागि स्थानीय तहलाई सशर्त र समानीकरण गरी कुल १७.६ प्रतिशत मात्र विनियोजन भएको थियो ।  यो विनियोजन पर्याप्त हो होइन भन्ने विषयमा छुट्टै बहस आवश्यक छ । त्यसैगरी संविधान जारी भएको साढे २ वर्ष नाघिसक्दासम्म पनि प्रशासनिक संरचना पुन:संरचनाले गति लिन नसक्नुमा संघीय सरकार अकर्मण्य जस्तै देखिएको छ । सो पुनसंरचनाले आकार ग्रहण नगरुन्जेल स्थानीय तहले आफूखुसी आवश्यक जनशक्ति व्यवस्था गर्न पाउँदैनन् । फलस्वरुप, बजेट प्रणाली संस्थागत गर्न सन्दर्भमा जनशक्तिगत र व्यवस्थापकीय पक्षमा स्थानीय तहहरु कमजोर र निरीह बन्न पुगेका छन् ।

सिद्धान्तत: स्थानीय सरकारहरु आन्तरिक स्रोत, राजस्व बाँडफाँट र समानीकरण अनुदानबाट प्राप्त रकममार्फत् आफ्ना कार्यक्रम आफै छान्ने अधिकारयुक्त भएतापनि न्यून आन्तरिक स्रोतको चौघेरामा रही संघबाट विनियोजित बजेटको अलावा प्रदेशबाट विनियोजन हुने थप बजेटको आशामा अधिकांश स्थानीय सरकारहरुले आफ्नो बजेट सीमा निर्धारण र वडास्तरमा सीमा बाँडफाटको आधारसमेत तय गर्न सकिरहेका छैनन् ।

अर्कोतर्फ स्वयम् स्थानीय तहहरु बजेटजन्य अनुशासन अत्यन्तै कमजोर भएको भनी समाचारहरुमा आलोचित भइरहेको छन । आर्थिक वर्षको तेश्रो चौमासिकको उत्तरार्द्धमा आइपुग्दासम्म स्थानीय तहहरु चालु आर्थिक वर्षकै लागि अवण्डामा रहेका कार्यक्रमहरु बाँडफाँट गदैछन्, अस्तव्यस्त रकमान्तर र कार्यक्रमको विषयान्तर जस्ता विषयहरु नियन्त्रण हुन सकेका छैनन् । यस सन्दर्भमा संघीय सरकार स्वयम्को वित्तीय जवाफदेहिता र पारदर्शिता कमजोर छ भने स्थानीय तहको लागि आवश्यक कानूनहरुमा मार्गनिदेश गर्न सकेको देखिदैन । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा पनि कमजोर वित्तीय अनुशासन संस्थागत भएर जानसक्ने चुनौती देखिएको छ ।



मेघनाथ रिजाल

*स्थानीय तहको आन्तरिक स्रोतको न्यूनता तर फराकिलो जिम्मेवारी पूरा गर्न संघीय सरकारबाट विनियोजन हुने राजस्व बाँडफाँट, सशर्त/समानीकरण अनुदानको अलावा समपूरक र विशेष अनुदानको परिचालनमा स्पष्ट आधार निर्धारण गरिनु आवश्यक छ । स्थानीय तहले तत्काल संघबाट ऋण लिने वा आन्तरिक ऋण परिचालन गर्ने कानूनी तथा प्रक्रियागत आधारहरु तय नभैसकेको सन्दर्भमा सो प्रक्रियालाई स्पष्ट गर्नु र स्थानीय तहमा वित्तीय दीगोपना कायम गर्नेतर्फ कार्य हुन बाँकी नै छ ।*

आर्थिक वर्ष २०७४/७५ को बजेट भर्खर निर्वाचित पदाधिकारीहरुको छोटो तयारी र न्यून अनुभवका कारण बजेट प्राथमिकीकरण र विनियोजन दक्ष (इफिसिन्ट) हुन सकेन । खासगरी पूँजीगत बजेटतर्फ वातावरणीय प्रभाव मूल्यांकन, भौगोलिक अवस्थिति, लाभान्वीत जनसंख्या, आयोजनाको दीगोपना जस्ता आधारबिना नै ग्रामीण सडक निर्माणमा अधिकांशत बजेट परिचालन गरिनुलाई पहाडी क्षेत्रका कतिपय जिल्लामा ‘डोजर आतंक’को रुपमा चित्रित गर्न थालिएको छ । त्यसैगरी चालुतर्फको बजेट विनियोजनमा संचालित कार्यक्रमहरु एकातिर दोहोरोपना विद्यमान छ भने अकोतर्फ खासगरी लक्ष्यित वर्ग कार्यक्रमहरुमा ‘कनिका छराई’ शैलीमा बाँडफाँट भएको देखिन्छ । आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा ती समस्याहरु स्वत: हटेर जाने संभावना देखिदैन ।

### सुधारको मार्गदिशा

संघीय शासन अभ्यासको केबल एक वर्ष पूरा हुँदैगर्दाका शिशु अवस्थाका स्थानीय तहहरुको बजेट व्यवस्थापन सम्पूर्ण रुपमा दोषरहित अपेक्षा गर्न त सकिदैन तर बजेटजन्य अनुशासन, पारदर्शीता, विनियोजन दक्षता र बजेट प्रणालीलाई संस्थागत गर्ने विषयहरुमा सुरुवाती वर्षमा गरिने बीजारोपणले नै दीर्घकालीन प्रभाव पाने निश्चित छ । तसर्थ निम्न विषयहरुमा तत् तत् संघीय इकाइहरुले जिम्मेवारी बोध गरी बजेट व्यवस्थापनमा तदारुकताका साथ लाग्नु अपरिहार्य छ ।

स्थानीय तहको आन्तरिक स्रोतको न्यूनता तर फराकिलो जिम्मेवारी पूरा गर्न संघीय सरकारबाट विनियोजन हुने राजस्व बाँडफाँट, सशर्त/समानीकरण अनुदानको अलावा समपूरक र विशेष अनुदानको परिचालनमा स्पष्ट आधार निर्धारण गरिनु आवश्यक छ । स्थानीय तहले तत्काल संघबाट ऋण लिने वा आन्तरिक ऋण परिचालन गर्ने कानूनी तथा प्रक्रियागत आधारहरु तय नभैसकेको सन्दर्भमा सो प्रक्रियालाई स्पष्ट गर्नु र स्थानीय तहमा वित्तीय दीगोपना कायम गर्ने दिशामा कार्यहरु हुन बाँकी नै छ । संघबाट गरिने विनियोजनको प्रभावकारीताका लागि प्राकृतिक स्रोत र वित्त आयोगको शीघ्रातिशीघ्र गठन, अन्तरप्रदेश वित्त परिषद्को भूमिका प्रभावकारी बनाउनु अर्थविद् समेत रहेका अर्थमन्त्रीको हीतमा समेत हुने थियो, जुन समयमा हुन सकेन । विज्ञहरु र हने र अनुसन्धानमा आधारित संवैधानिक संस्थाको रुपमा सो आयोगको गठन गरिनु र त्यस्तो आयोगका सिफारिशहरु पूर्ण रुपमा कार्यान्वयन हुने वातावरण निर्माण गरिनु सबै संघीय इकाइमा बजेट व्यवस्थापन गर्ने दीर्घकालीन समाधान हो ।

त्यसैगरी, स्थानीय तहहरुले बजेट तथा कार्यक्रमहरु तर्जुमा र प्राथमिकीकरण गर्दा संघीय सरकारले आगामी आर्थिक वर्षका लागि तय गरेका नीति तथा कार्यक्रमहरु, संविधानमा उल्लेख भएका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरु र स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत कानूनमा व्यवस्था गरिएका प्राथमिकताका क्षेत्रहरु, आवधिक तथा क्षेत्रगत दीर्घकालीन योजनाहरु, मध्यमकालीन खर्च संरचना समेत मध्यनजर गरी सोको आधारमा आयोजना तथा कार्यक्रमहरु छनौट गर्नुपर्ने देखिन्छ । स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विगतका राम्रा अभ्यास र कार्यक्रमहरुलाई आन्तरिकीकरण गर्नु बुद्धिमानी हुनेछ, जस्तै, आयोजनाहरु स्वीकृत गर्दा राष्ट्रिय योजना आयोगले अवलम्बन गर्ने चौमासिक विभाजन, खरिद योजना तथा अनूगमन योजना सहितका दस्तावेजहरु समेत स्वीकृत गने अभ्यास संस्थागत गर्न स्थानीय तहहरु चुक्नु हुँदैन ।

स्थानीय तहहरुले बजेट तर्जुमा गर्दा विद्यमान कानूनी संरचना र प्रक्रियागत विषयहरुलाई स्थानीयकरण गरी नीति कार्यक्रम र सीमा निर्धारण गर्नुपर्छ । विकेन्द्रीकरणको सबैभन्दा तल्लो इकाई वडास्तर र सोभन्दा पनि तल बस्तीस्तरबाटै योजनाहरुको पहिचान र छनौटमा स्थानीय सभाका सदस्यहरु, स्थानीय सरोकारवाला लगायत विषयगत शाखा/कार्यालयहरुको परिचालन र उनीहरुको आवश्यकता आयोजना छनौटमा प्रतिविम्वित हुनु जरुरी छ ।

अन्त्यमा संघीय संरचनामा सार्वजनिक खर्च व्यवस्थापनलाई संस्थागत गर्ने प्रारम्भिक प्रयासहरु भएको र स्थानीय तहका प्रतिनिधिहरुले समेत एक आर्थिक वर्षको अनुभव हासिल गरिसकेको अवस्था छ । संघ र प्रदेश तहबाट स्थानीय तहको कार्यक्षेत्र र स्रोत न्यूनताको अवस्थाको आधारमा स्रोतको न्यायोचित बाँडफाँट गर्नु आवश्यक छ भने स्थानीय तहले पनि राष्ट्रिय नीति तथा कार्यक्रममा प्रतिवद्धता, वित्तीय अनुशासन र पारदर्शीतामा जोड दिदै सहकारीतामूलक संघीय अभ्यासको सफलताका लागि जिम्मेवार बन्नुपर्छ ।

**गाउँपालिकावासीहरुमा गौमुखी गाउँपालिकाको अनुरोध**

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं । अति आवस्यक काम परी घर बाहिर जानै पर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ । भिडभाड नगरौं । भौतिक दुरी कायम गरौं । स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं । नियमित रुपमा सावुन पानीले हात धुने गरौं वा बेला बेलामा सेनीटाइजरको प्रयोग गरौं । सजग रहौं र सचेत रहँदै कोरोनाबाट आफू पनि बचौं र आरुलाई पनि बचाऔं ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

वडा तहमा आज निर्वाचन हुँदै

# प्यूठान कांग्रेसमा दुई पक्षीय प्रतिष्पर्धा

## सभापतीमा रिजाल र गिरी भिड्दै

नेपाली कांग्रेसको आगामी कार्यकालको नेतृत्वको लागि आज वडा तहमा निर्वाचन हुँदैछ । वडामा हुने निर्वाचनले जिल्लाको नेतृत्व छनोटका लागि मतदान गर्ने क्षेत्रिय प्रतिनिधी समेत  निर्वाचित गर्छ । यसले गर्दा नेपाली कांग्रेस प्यूठानको जिल्ला नेतृत्वको प्रतिष्पर्धामा रहेका दुवै पक्षले आ-आफ्नो प्रतिनिधि बढी पठाउन कसरत गरेका छन् । नेपाली कांग्रेस प्यूठानको जिल्ला तहको नेतृत्व चयनका लागि आगामि असोज ५ गते अधिवेशन हुदैछ । माथिल्लो तहको पार्टी नेतृत्वमा पुग्न वडा तहमा प्रतिनिधि निर्वाचित हुनैपर्ने व्यवस्था रहेकाले पनि नेपाली कांग्रेसको वडा अधिवेशनलाई विशेष महत्वका साथ हेर्ने गरिन्छ । यसले गर्दा कांग्रेका नेताहरु सबै आआफ्नो वडामा पुगेर लबिङमै व्यस्थ छन् । वडा तहको निर्वाचन सम्पन्न भएसंगै २७ गते स्थानीय तहमा, असोज १ गते क्षेत्रीय र ५ गते जिल्ला तहमा अधिवेशन सम्पन्न हुदैछ । जिल्ला पार्टीको नवौ सभापती पदका लागि २ जनाले उम्मेद्वारी घोषणा गरेका छन् । पार्टी सभापती शेरवहादुर देउवा पक्षवाट शिवराज रिजालले उम्मेद्वारी घोषणा गरेका छन ।  संस्थापन ईतर पक्षवाट विष्णुकुमार गिरीले उम्मेद्वारी घोषणा गरेका छन् । नेपाली कांग्रेसको पूर्व सचिव रहेका शिवराज रिजाल यसअघिको अधिवेशनमा सभापतीमा पराजित भएका थिए । विष्णुकुमार गिरी वर्तमान कार्य समितिका सचिव हुन् । रिजाल नौवहिनी गाउपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए । गिरी गौमुखी गाउापालिकाको अध्यक्ष हुन्  । रिजालले नेकपा (माओवादी केन्द्र)संगको चुनावी तालमेलमा अध्यक्ष निर्वाचित भएका थिए । भने गिरी तालमेल विनै निर्वाचित भएका थिए ।

जिल्लामा १ सभापती, २ उपसभापती, २ सचिव, २ सहसचिव निर्वाचित हुनेछन्  भने कोषाध्यक्ष सभापतीले मनोनित हुने व्यवस्था रहेको छ । नेपाली कांग्रेस प्यूठानको यसपालिको निर्वाचनमा नेतृत्व चयनका लागि ६४ वडावाट निर्वाचित भएका १ हजार १ सय ३६ जना प्रतिनिधीले मतदान गर्दैछन् । जिल्लाका ६२ वडावाट १७-१७ जनाका दरले साथै प्यूठान न.पा. ७ वाट ५७ र ८ वाट २६ जनाले प्रतिनिधिको रुपमा जिल्लाको नेतृत्व चयनका लागि मतदान गर्नेछन् । नौवहिनी गाउापालिकावाट १ सय ३६ जना, सरुमारानी गाउापालिकावाट १ सय २ जना, ऐरावती गाउापालिकावाट १ सय २ जना माण्डवी गाउापालिकावाट ८५ जना स्वर्गद्धारी नगरपालिकावाट १ सय ५३ जना, प्यूठान नगरपालिकावाट २ सय १९ जना, मल्लरानी गाउापालिकावाट ८५ जना, झिमरुक गाउापालिका वाट १ सय ३६ जना र गौमुखी गाउापालिकावाट १ सय १९ जना प्रतिनिधीहरु निर्वाचित हुने नेपाली काग्रेस  प्यूठानका पार्टी सभापती अमरप्रसाद भण्डारी जानकारी दिए ।
कांग्रेस प्यूठानमा ८ जनाले जिल्लाको नेतृत्व गरिसकेका छन् । अनिरुद्र शर्मा, शिवराज सुवेदी, दिवाकर गौतम, सालिकराम पण्डित, मुक्तीप्रसाद शर्मा, कृष्ण प्रपन्न सुवेदी, सुवास के.सी. र अमरप्रसाद भण्डारीले नेतृत्व गरेका छन् । त्यसमध्य अनिरुद्र शर्मा र शिवराज सुवेदीको मृत्यु भईसकेको छ । कांगेस सोत्रका अनुसार सालिकराम पण्डित वाहेक अरु पूर्व सभापतिहरु पौडेल पक्षका मानिन्छन् । कृष्णप्रपन्न सुवेदी हाल अमेरीकामा छन् । नेपालि कांग्रेसको जिल्लाका भातृ संगठनहरुमध्य तरुण दलका अध्यक्ष, महिला संघका अध्यक्ष र ट्रेड युनियन काग्रेसका अध्यक्ष शिवराज रिजालको नजिक रहेको छन् ।  नेपाल विद्यार्थी संघका अध्यक्ष र दलित संगठनका अध्यक्ष विष्णुकुमार गिरीका नजिक मानिन्छन् । वर्तमान कार्यसमितिको नेतृत्वमध्य आफैसंगको अघिल्लो निर्वाचनमा पराजित भएका शिवराज रिजाललाई जिताउने भुमिकामा वर्तमान सभापती अमरप्रसाद भण्डारी हुने छैनन् । जिल्ला उपसभापती वद्री लम्साल र कोषाध्यक्ष धनेश्वर भण्डारीको शिवराज रिजाललाई र सचिव देवेन्द्र व्रहृमाको विष्णुकुमार गिरी लाई साथ हुनेछ । २०६४ सालका संविधानसभा सदस्यका पदका उम्मेद्वार  मुक्तीप्रसाद पोखेलको साथ विष्णुकुमार गिरीले पाउने छन् । २०७० को संविधानसभामा नेपाली कांग्रेसवाट उम्मेद्वार वनेकी धनलक्ष्मि श्रेष्ठ  शिवराज रिजाललाइ जिताउन खुलेर लागेकी छन् । यस्तै हाल कांग्रेसको क्षेत्र नं २ का सभापती रोज रणाले शिवराज रिजाललाई सहयोग गर्ने छन् । भने क्षेत्र नं १ का सभापती टेकप्रसाद भण्डारी विष्णुकुमार गिरीलाई सहयोग गदैछन् ।



**शिव रिजाल**

- ने.वि.संघ जिल्ला सदस्य : २०४७
- ने.वि.संघ जिल्ला सहसचिव : २०४९
- ने.वि.संघ जिल्ला उपाध्यक्ष : २०५१
- ने.वि.संघ जिल्ला अध्यक्ष : २०५४
- तरुण दल का.वा. अध्यक्ष : २०५९
- नेपाली कांग्रेस जिल्ला सदस्य : २०६१
- तरुण-विद्यार्थी संयोजक : २०६२
- अस्पत्ताल विकास समिति प्यूठानको अध्यक्ष : २०६६
- १२ औं महाधिवेशनमा जिल्ला पार्टी सचिव र महासमिति सदस्य : २०६७
- १३ औं महाधिवेशनमा जिल्ला सभापती पदको प्रतिष्पर्धी : २०७३
- नौबहिनी गा.पा. अध्यक्ष : २०७४



**विष्णुकुमार गिरीः**

- रेडक्रस ईकाई सभापती :  २०५५
- नेवि संघ सदस्य : २०५५
- ने.वि.संघ उपाध्यक्ष : २०६१
- ने.वि. संघ अध्यक्ष : २०६४
- स्व.वि.यू. सदस्य : २०५७
- स्वविय़ु उपसभापती : २०६२
- क्षेत्रिय सभापतीः २०६७
- महासमिति सदस्यः २०७२
- पार्टी सचिव २०७३
- गौमुखी गा.पा. अध्यक्ष : २०७४
- गा.पा. राष्ट्रिय महासंघ लुम्बिनी प्रदेश सचिव - २०७५

## डाक्टरलाई संकट




*नेपाली कांग्रेसको १३ औ महाधिवेशनको केन्द्रिय सदस्य पदका उम्मेद्वार एवं प्रतिनिधीसभा सदस्यका उम्मेद्वार डा. गोविन्दराज पोखेल धर्मसंकटमा छन् । नेपाली कांग्रेस प्यूठानको राजनीतिमा विशेष प्रभाव राख्ने पोखरेल.पार्टीको केन्द्रिय अधिवेशन र आगामि निर्वाचनमा पार्टीको जिल्ला अधिवेशनले पार्नसक्ने प्रभावको संभावित परिणामको आकलन गर्दै हस्तक्षेपकारी भुमिका निर्वाह नगरेको उनिपक्षकै नेताहरुको आकलन छ । संस्थापन ईतर (शेखर कोईराला) पक्षको मानिने डा.पोखेल विष्णुकुमार गिरी नजिक मानिन्छन् । एक पक्षलाई वोक्दा पछिको निर्वाचनमा अप्ठ्यारो पर्नसक्ने जोखिम डाक्टरलाई छ । जिल्लामा शाझा नेता वन्नका लागि डा.पोखेलले गुटवन्दिभन्दा माथि उठेर शाझा भुमिका निर्वाह गर्नुपर्ने उनिमाथी दवाव रहेको कांग्रेस नेताहरु वताउँछन् । आफ्नो गुटको जिल्ला सभापती वनाउन खोज्दा नेपाली कांग्रेसको केन्द्रिय सदस्य र आगामि प्रतिनिधी सभाको लागि संभावित उम्मेद्वारको रुपमा हेरीएका डा. त्यतिवेला अर्को समुहको घेरावन्दी हुन सक्ने भएकाले उनले सर्वसम्वत सभाती बनाउने कोशिस गरेपनि यो समाचार तयार पार्दासम्म सफल भएका छैनन् ।*

छोटकरी

## केक खाँदा १३ जना बिरामी

*बाङ्गेशाल । जन्मदिनको केक खाँदा १३ जना बिरामी परेका छन् । सरुमारानी गाउँपालिका-२ दर्भानका एक बहादुर गुरुङको जन्मदिन मनाउँदा बिरामी परेका हुन् । जन्मदिन मनाउन आएका गुरुङका आफन्ती र उनको परिवार बिरामी परेको प्रेम गुरुङले बताए । बिरामी पर्नेमा एक बहादुर गुरुङ, कुमारी गुरूङ, गमान सिंह गुरूङ, बिष्णु गुरूङ, राजकुमार बिष्ट, शर्मिला गुरूङ, ठग बहादुर गुरूङ, बिजय गुरूङ, यमुना गुरूङ, केशव गुरूङ, कृष्णा गुरूङ, तिर्सना गुरूङ र अप्सना गुरूङ रहेका छन् । गुरुङको ६८ औं जन्मदिन भाद्र १५ गते मनाउने क्रममा यिनीहरु बिरामी परेका हुन् । केक खाएको अर्को दिनदेखि उनीहरुलाई टाउको दुख्ने, बान्ता आउने, ज्वोरो आउने लगायतको समस्या छ । बिरामी परेका मध्ये कुमारी अँझै अस्पतालमा उपचारत छिन् । अस्तालमा उपचार गराउँदा चिकित्सकले विशाक्त खानाका कारण बिरामी परेको बताएको छोरा प्रेम गुरुङले बताए । वर्थ डे केक बिक्रि गर्ने ब्यापारीलाई कानुनी कारवाहीका लागि प्रहरीमा उजुरीको तयारी गुरुङ परिवारले गरेको छ ।*

## पहिरोले घर भत्किदा २ जनाको मृत्यु १ घाइते

*प्यूठान । लगातार अविरल वर्षाका कारण जिल्लामा २ जनाले ज्यान गुमाएका छन् भने १ जना घरमा पुरिएर घाइते भएका छन् । प्यूठान नगरपालिका र नौबहिनी गाउँपालिका १/१ जनाको ज्यान गएको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार प्यूठान नगरपालिका २ दाखाक्वाडीमा सोमवार दिउँसो घर भत्किदा विश्वकर्मा टोलकी ७८ वर्षिय देउकी बिकको पुरिएर मृत्यु भएको हो । घरका ४ सदस्य घर बाहिर रहेकाले सकुशल रहेका छन् । मृतक बिरामी भएकाले घरभित्रै सुतीरहेको अवस्थामा घर भत्किएको वडा अध्यक्ष मुक्ति पोखेलले जानकारी दिए । आइतवार राती परेको वर्षाका कारण घरको एकसुरतर्फको जमिन भास्सिएर घर भत्किएको हो । घर भत्किदा घरमा भएका सम्पूर्ण अन्नपात, लत्ताकपडा पुरिएका छन् । मृतकको सवलाई स्थानीयवासी, प्रहरी लगायतको टोलीले सव निकालेर पोष्टमार्टमको तयारी भइरहेको प्यूठान नगरपालिका नगरप्रमुख अर्जुन कुमार कक्षपतिले जानकारी दिए । त्यसैगरी नौबहिनी गाउँपालिका-१, सरीमा गाउँमा १ जना घाइते भएका छन् । घाइते हुनेमा प्रेम सुनार रहेका छन । पहिरोका कारण यहाँ ३ घर पुरिएर क्षति भएको छ भने सडक अवरुद्ध छन् । यस्तै नौबहिनी गाउँपालिका-६, बाहाने सोमवार बिहान वेवारिसे सव भेटिएको छ । उनको पहिचान खुलेको छैन ।*

## माण्डवीले तिरिदियो २० युनिसम्मको महसुल

*देविस्थान । माण्डवी गाउँपालिका प्यूठानले गाउँपालिका भरका २० युनिट भन्दा कम महसुल आउने उपभोक्ताको विद्युत महसुल तिरिदिएको छ । माण्डवि गाउँपालिकाको निति कार्यक्रम अनुसार साउन महिनाको २० युनिटभन्दा कम महसुल आउने २ हजार ५ सय ३४ घरधुरीको १ लाख २७ हजार रुपैयाँ महसुल बुटवल पावर कम्पनीलाइ भुक्तानी दिइएको गाउँपालिका अध्यक्ष श्रीधर रोकाले बताए । त्यसैगरी २० युनिट भन्दा बढी महसुल आउने अन्य उपभोक्ताहरुलाइ गाउँपालिका र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न अध्यक्ष रोकाले जानकारी दिए । गाउँपालिकाले २० युनिट सम्मको लागि सम्पुर्णको महसुल तिर्ने ब्यवस्था मिलाएको छ । २० युनिट भन्दा बढी महसुल आउने करिब ७ सय घरधुरीलाइ सिभिल बैंकमा खाता खोली भुक्तानी माग गर्न भनिएको छ ।*

## बसको ठक्करबाट एक जना घाइते

*बाग्दुला । बसको ठक्करवाट प्यूठान नगरपालिका-८, बाग्दुलामा एक जना महिला घाइते भएकी छिन । प्यूठानवाट बुटवल जादै गरेको लु १ ख ६७५८ नम्वरको वसले ठक्कर दिदा मल्लरानी गाउँपालिका ४ धरमपानी निवासी ६४ वर्षिय रिखा खत्री गम्भिर घाइते भएकि हुन । घाइतेको जिल्ला अस्पत्ताल प्यूठानमा प्राथमिक उपचारपछी थप उपचारका लागी बुटवल पठाइएको छ । उनको टाउको र खुट्टामा गम्भिर चोट लागेको छ ।*
*ठक्कर दिने वस र चालक प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रवक्ता प्रहरी इन्सपेक्टर देवी प्रसाद गैरेले वताए । घटनाको बारेमा अनुसन्धान भइरहेको प्रहरीको भनाई छ।*

## कल्याणकारी कोषमा रकम हस्तान्तरण

*विजुवार । राज डेकोर होमका सञ्चालक झपेन्द्र शर्माद्वारा पत्रकार कल्याणकारी कोषमा रकम हस्तान्तरण गरेका छन् । नेपाल पत्रकार महासंघ प्यूठानमा स्थापना गरीएको कोषमा शर्माले २५ हजार ५ सय रुपैयाँको चेक उपलब्ध गराएका हुन् । डेकोर होम सञ्चालन गरेको १० वर्ष पुगेको अवसरमा शर्माले सामाजिक उत्तर दायित्व वहन स्वरुप अग्रपंक्तिमा रहेर खटिने पत्रकारहरुका लागि सहयोगार्थ कोषमा रकम उपलब्ध गराएका हुन् । आइतवार बिहान आयोजित कार्यक्रममा प्यूठान नगरपालिका प्रमुख अर्जुनकुमार कक्षपतिको प्रमुख आतित्थ्यता रहेको थियो । कार्यक्रममा बोल्दै उनले सानो उमेरमै शर्माले ब्यवसायिक सफलता प्राप्त गरेकोमा प्रशंसा गर्दै सामाजिक सेवामा समर्पित भएर लाग्न शुभकामना दिए ।*

**माण्डवी गाउँपालिकाको गाउँवासिमा अनुरोध**

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं । अति आवश्यक काम परि घर बाहिर जानैपर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ । भिडभाड नगरौं । भौतिक दुरी कायम गरौं । स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं । नियमित रुपमा साबुन पानीले हात धुने गरौं वा बेलाबेलामा सेनीटाइजरको प्रयोग गरौं । सजग र सचेत रहँदै कोरोनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर प्यूठान

**नौबहिनी गाउँपालिकाको गाउँवासिमा अनुरोध**

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं । अति आवश्यक काम परि घर बाहिर जानैपर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ । भिडभाड नगरौं । भौतिक दुरी कायम गरौं । स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं । नियमित रुपमा साबुन पानीले हात धुने गरौं वा बेलाबेलामा सेनीटाइजरको प्रयोग गरौं । सजग र सचेत रहँदै कोरोनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

भुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# प्युठानमा श्रीखण्ड खेती फस्टाउदै



प्रेम थापा क्षेत्री

चराका माध्यमबाट जङ्गलमा स्वत: उम्रिएर फैलिएको श्रीखण्डको महत्व बारे थाहा नहुँदा स्थानीयले गोठको घोचो, भैसीको किलो खुर्पाको बिँड र घाँस दाउराको रुपमा प्रयोग गर्थे । यो व्यवसायका साथै जिल्लामा श्रीखण्डको निजी नर्सरी खुल्न थालेका छन् । उनीहरूले औषधि जन्य बिरुवाको माग र बजारको सम्भावनालाई देखेर केहि वर्षदेखि श्रीखण्डको खेती थालेका हुन् । जिल्लामा बहुमूल्य जडीबुटी श्रीखण्डको व्यावसायिक खेती शुरु गरिएको छ ।

श्रीखण्डको परिचय

'जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड' भन्ने उखान नेपाली समाजको लागि कुनै नौलो उखान भने पक्का होइन । तथापि नेपालमा श्रीखण्डको पर्याप्तता भने अवश्य पनि कम छ । हुन त श्रीखण्ड नेपाली प्रजाति होइन । नेपाली प्रजाति नभए पनि नेपालीमा चलेको उखान तथा अधिकांश नेपालीहरू हिन्दु धर्म मान्ने भएका हुदाँ नेपालमा यसको बढी उत्पादन हुनुपर्ने अथवा प्रत्येक घर-घरमा पाइनुपर्ने जस्तो लाग्छ तर श्रीखण्ड सबभन्दा कम पाइन्छ । माथिकै उखानबाट पनि श्रीखण्ड महत्त्वपूर्ण वस्तु हो भन्ने कुरा सहजै बुझ्न सकिन्छ । श्रीखण्ड आज भन्दा ५ हजार वर्ष अघिदेखि हिन्दु धर्मका ग्रन्थमा उल्लेख भएको नाम हो । यसलाई नेपाली वा हिन्दी भाषामा श्रीखण्ड वा चन्दन भनिन्छ । विश्वका १० महँगा काठहरू मध्ये श्रीखण्ड पनि एक हो । श्रीखण्ड धार्मिक दृष्टिकोणले जति महत्वपूर्ण छ । व्यवसायिक हिसाबले पनि त्यो भन्दा कुनै मानेमा कम छैन । श्रीखण्ड हिन्दु धर्मका पवित्र ग्रन्थहरूमा उच्च महत्वका साथ व्याख्या गरिएको छ । पूजाआजा, जपध्यान, मर्दा पर्दा सबै कार्यमा धर्मसंस्कृति अनुसार अति आवश्यक वस्तुको रूपमा व्याख्या गरिएको छ । साथै हिन्दु धर्म संस्कृति अनुसार हरेक कार्यमा अत्यन्त पवित्र र शुद्ध वस्तुको रूपमा यसको प्रयोग गरिन्छ । श्रीखण्डलाई घोटेर बनाएको चन्दन लगाउने परम्परा करिव ५ हजार वर्ष पुरानो हो । अहिले आएर हेर्दा पनि श्रीखण्डको चन्दन प्रयोगमा कुनै कमी आएको छैन बरु श्रीखण्डको पर्याप्तता नभएको ठाउँमा चन्दनको साटो विभिन्न अन्य काठको प्रयोग गरेकोले धर्म अनुसार पवित्र र चोखो वस्तुको रूपमा व्याख्या गरिएको पाइन्छ । श्रीखण्डको चन्दन लगाउने र सके श्रीखण्ड काठको चितामा जल्ने नसके एउटा टुक्रा श्रीखण्ड भएपनि चितामा राखेर पार्थिव शरीर जलाउने मान्यता आजभन्दा कैयौं वर्ष अगाडि देखि चलि आएको हो । साथै प्राचीन हिन्दु ग्रन्थहरूमा पनि यसबारे लेखिएको छ । अहिलेको एक्काईसौं शताब्दीमा आइपुग्दा समेत यसको महत्त्वमा कुनै कमी आएको छैन बरु झन महत्त्व बढेर गएको छ । संस्कृत तथा नेपाली नाम श्रीखण्डलाई अंग्रेजी भाषामा क्वलमबधियमम भनिन्छ । कतै चन्दनको नामले पनि यसलाई चिनिन्छ । हिन्दु धर्ममा जति नै व्याख्या गरिएको भए तापनि नेपालमा धार्मिक हिसाबले पनि कमै मात्र ठाउँमा श्रीखण्ड देख्न सकिन्छ । यसको व्यवसायिक खेती भएको भने त्यती पाइदैन । श्रीखण्डको विश्व बजारलाई हेर्ने हो भने यसको अन्तराष्ट्रिय स्तरमा माग बढी रहेको छ । यो औषधीय गुणको भएको हुदाँ विभिन्न औषधि तथा कस्मेटिकका सामग्री उत्पादनमा यसको प्रयोग गरिएको पाइन्छ साथै मूर्ति मालाहरू समेत बनाइन्छ । जीउ फतफलि पोल्ने, चर्मरोग, कुष्ठरोग, टाउको दुखेको, बिर्सने बानी भएको, स्मरणशक्ति पूर्ण वा आंशिक रूपमा गुमेको, मष्तिस्कका रोग, मुटु रोग, अम्लपित्त, कमलपित्त, ग्याष्ट्रिक, महिना बारीका बखत धैरै रगत बग्ने र योनीबाट सेतो पानी बगेमा चूर काठको चूर्ण खाइन्छ र विभिन्न किसिमका सौन्दर्य प्रशोधनहरु बनाउन प्रयोग गरिन्छ । यसको प्रयोगको हिसाबले हेर्ने हो भने खासगरी महँगा पर्फुर्म, पाउडर, कस्मेटिक समाग्री, औषधिहरु निर्माणमा यसको प्रयोग हुन्छ । श्रीखण्डको खेती विभिन्न देशहरूमा व्यवसायिक रूपमा गरिदै आएको छ । यसको बजार मूल्यका कारण यसको खेतीमा आकर्षण पनि बढीरहेको छ । यसको व्यावसायिक खेती तराई देखि मध्य पहाडसम्म सजिलै गर्न सकिन्छ । समुन्द्र सतहबाट १८०० मिटरसम्मको उचाईसम्म श्रीखणडको खेती सफलतापूर्वक गर्न सकिन्छ । प्रशस्त घाम लागने, बर्षामा सुख्खा समय धैरै हुने, गर्मी र न्यानो हावापानी भएको, बाषिर्क औषत बर्षा ६००-१६०० मि.मि हुने ठाउँ श्रीखणड खेतीको लागि उपयुक्त मानिन्छ । साथै मध्ये पहाड भन्दा माथिल्लो भेगमा समेत यसको खेती गर्न सकिन्छ । अलि जाडो हुने स्थानमा यसको खेती गर्दा उत्पादन भने ढिलो दिने हुन सक्छ । नेपालमा तराई साथै पहाड पसस्त भएको हुदाँ यसको खेती दुवै ठाउँमा राम्ररी फस्टाउन सक्छ । तर पनि यस तर्फ कसैको ध्यान गएको छैन ।



श्रीखण्ड सेमी प्यारासाइटिस प्लान्ट भएको हुदाँ यसलाई होस्ट प्लान्ट साथै लगाउदा छिटो हुर्किने र उत्पादन समेत छिटो दिने हुन्छ । यसलाई होस्ट प्लान्टको रूपमा अमला, किँम', केरा साथै अन्य बिरुवालाई होस्ट प्लान्टको रुपमा लगाउन सकिन्छ । केरालाई होस्ट प्लान्टको रूपमा लगाउदा दुवै तिरबाट आम्दानी लिन सकिन्छ । श्रीखण्ड चिसो हावापानीमा भन्दा तातो हावापानीमा छिटो र उत्पादन समेत धैरै दिने हुन्छ । एउटा श्रीखण्ड रोपेको १५ वर्षमा उत्पादन लिन सकिन्छ । तथापि ४ देखि ५ वर्षबाट फुल्न र फल दिने गर्दछ यसबाट विरूवा प्रसार गर्न र विउ विक्री गर्न सकिन्छ । यसको १५ वर्ष पछि उत्पादन लिदा यसको चुरो पसेको काठ करिव १५ किलो देखि २५ किलो सम्म उत्पादन दिन्छ तर ढिलो गरी बाली काट्ने हो भने यसको उत्पादन बढ्दछ । श्रीखण्ड संरक्षणमा प्युठान नेपालकै उत्कृष्ट जील्ला प्युठान जिल्लामा पहिलोपटक बहुमूल्य प्रजाति मानिने सेतो चन्दन (श्रीखण्ड) को व्यावसायिक खेती थालिएको छ । चराका माध्यमबाट जङ्गल र खरबारीमा स्वतः उम्रिएर फैलिएको श्रीखण्डको महत्वबारे थाहा नहुँदा स्थानीयले गोठको
घोचो , भैसीको किलो, हसीया खुर्पाको बिँड र घाँसदाउराको रुपमा प्रयोग गर्थे । यो व्यवसायका साथै जिल्लामा श्रीखण्डको निजी नर्सरी खुल्न थालेका छन् । उनीहरूले औषधि जन्य बिरुवाको माग र बजारको सम्भावना देखेर केहिवर्षदेखि श्रीखण्डको खेती थालेका हुन् । जिल्लामा बहुमूल्य जडीबुटी श्रीखण्डको व्यावसायिक खेती शुरु गरिएको छ । जिल्लाका विभिन्न ठाउँका कृषकले श्रीखण्डको बिरुवा उत्पादन गरेर खेती गर्न थालेका छन् । श्रीखण्ड कृषि तथा बन वातावरण कृषक समुह गठन गरि प्यूठान नगरपालिका ३ क्वाडिका स्थानीयले पहिलो पटक २०७४ सालदेखि श्रीखण्डको खेती गर्न थालेका हुन् । सुरुमा ४ सय बिरुवा तीन सयका दरले काठमाडौ बाट बिरुवा खरिद गरि रोपेर जिल्लामै पहिलो श्रीखण्ड व्यावसायिक खेती सुरु गरिएको थीयो । श्रीखण्ड नबुझ्नेलाई कोदालोको बिँड भने जस्तै दाउरा, घाँस कोदालो बिँड बनाउने
गरिन्थ्यो, अहिले यसको महत्त्व बुझ्न लागेको छन् । डिभिजन बन कार्यालयले श्रीखण्डको बिस्तारका लागि तालिमसँगै बिरुवा उपलब्ध गराउने गरेको तर प्रयाप्त बिरुवा उपलब्ध गराउन सकेका छैनन् । श्रीखण्ड २० देखि २५ वर्षमा पूर्ण रूपमा बिक्री गर्नलायक हुन्छ प्युठानको श्रीखण्डको काठ पशुपतीनाथ सहित नेपालगंज चीनको तिब्बतका साथै जापानसम्म निर्यात हुन थालेको छ । डिभिजन बनबाटै प्रकृया पूरा गरि श्रीखण्ड निर्यात हुन थालेको छ । प्रति रुखबाट तीन लाखसम्म आम्दानी गर्न सकिन्छ ।

श्रीखण्ड धार्मिक पूजा र चन्दनका रुपमा मात्रै नभई श्रीखण्ड औषधिका रुपमा समेत प्रयोग गर्ने गरिन्छ । श्रीखण्डबाट हस्तकला वस्तु, अगरबत्ती, पाउडर, तेल बनाउन प्रयोग गरिन्छ । पानीमा मिसाएर श्रीखण्ड खाएमा टाउको दुखेको, ज्वरो आएको, शरीरका भाग सुन्निएको, छालाको चिलाइ, लुतो, पिसाब पोल्ने, रगत बढी बग्ने, स्मरणशक्ति कमजोर भएका, छारे, मुटुरोग निको हुने बताइन्छ । सरकारले नीतिगत रूपमै यसको व्यावसायिक खेतीका लागि प्रोत्साहित गर्नुपर्ने देखिन्छ । फाट्टफुट्ट अन्य जिल्लामा श्रीखण्ड खेती गरिए पनि प्यूठान जिल्लामा श्रीखण्ड खेती नेपालकै एक नम्बर र नमुना खेती रहेको जिल्ला डिभिजन बनको भनाई छ । नेपालको तराई क्षेत्र र भित्री मधेसको भूभाग रक्त चन्दन खेतीका लागि अत्यन्त अनुकूल रहेको र श्रीखण्ड पहाड, तराई हिमपात नहुने ठाउँमा लगाउन सकिन्छ । दाखाक्वाडी सहित विजयनगर, मरन्ठाना, खैरा, रम्दी बिजुवार, भिंगृ र बांगेसालमा श्रीखण्ड राम्रैसित फस्टाएको छ । बिऊ, काठ र बेर्ना बेचेर स्थानीयले लाभसमेत लिँदै आएका छन् । स्थानीयले एउटा श्रीखण्डको बोटको ४० हजारसम्म र एक किलो बीउको २ हजारमा बिक्री गरेर लाभ लिइरहेका छन् । राजस्व तिरेर खुलेरै बेच्न सकिने भएकाले यसको बजारीकरणमा समस्या नभएको डिभिजन वन कार्यालयले जानकारी दिएको छ। स्वर्गद्वारी सातधामले परिचित प्युठान जिल्लालाई अब श्रीखण्डको जिल्लाको रूपमा परिचित गराउन हामी सबै लाग्नु पर्दछ । बन कार्यालय लगायत विभिन्न निकायको सहकार्यमा अनुगमन तथा अवलोकन गरि विस्तार गर्नु जरुरी छ । नेपालको परिपेक्षमा हेर्ने हो भने नेपालमा बढेको बद्दो सहरीकरणको कारणले पहाडका खेत बारीहरू दिनहुँ दिन बाझिदै गएका छन् ।

यो अवस्था कायमै रहने हो भने पहाडका खेत बारीहरू २ वर्ष पछि अहिलेको ९० प्रतिशत बाझो वनको रूपमा परिणत हुन पुग्छ । यस्तो अवस्थामा ती पहाडका खेत वारीमा यदि अव हामीले खेती नगरी जंगलै बढाउने हो भने श्रीखण्ड जस्ता बहुमूल्य प्रजातीका रूख रोप्नु सबभन्दा उत्तम हुन्छ । यदि हामी सबैले इमान्दारिताका साथ आफ्ना बाझा खेत बारी

# पार्टी फुटालेर नेता, दाम्लो चुँडालेर मन्त्री



- विमल पोखरेल

एमाले नेता माधवकुमार नेपालले २०७८ साउन ३० गते एउटा भेलालाई सम्बोधन गर्दै 'आफ्नो पक्षका केही सांसदहरू दाम्लो चुँडालेर भए पनि मन्त्री बन्न लागेको खुलासा गरे । केही दिनपहिले एमाले अध्यक्ष केपी ओलीले माधवपक्षीय सांसदहरू मन्त्री बन्नको लागि हिरिकिहिरिक गरिरहेको भन्दै शेरबहादुर देउवालाई मन्त्री बनाइदिन संसदको रोष्ट्रमबाटै आक्रोसयुक्त कटाक्ष गरेका थिए ।
माओवादी अध्यक्ष प्रचण्डले आफ्ना सबै सांसदहरूले मन्त्री बनाउन दबाब दिएको र आफू ठूलो तनाबमा परेको खुला कार्यक्रममार्फत् सार्वजनिक गरेका थिए ।
आफूलाई निकै क्रान्तिकारी घोषित गर्ने माओवादी पार्टीभित्र मन्त्री नबनाएमा आत्महत्या गर्नेसम्मका धम्की दिइएको केन्द्रीय सदस्य लेखनाथ न्यौपानेले सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरेका थिए ।
किन कोही नेता दर्जनौं पटक मन्त्री बन्नको लागि हिरिकहिरिक गर्छ ? किन कोही नेता मन्त्री बन्नको लागि दाम्लो चुँडाल्ने स्तरसम्म गिर्न पुग्छ भन्ने बारेमा माधव नेपाल र पुष्पकमल दाहालले कुनै व्याख्या गरेनन् । उनीहरूले पैसा कमाउनको लागि मन्त्री बन्नेको ताँती छ भनेर किन भन्न सक्दैनन् ? यदि त्यसो भन्ने हो भने तिनीहरूका भनाइ आफैँतिर सोझिन्छन् । आफ्ना गुटका मान्छेहरूलाई मन्त्री बनाएपछि त्यसको लाभ लिने भनेका माधव नेपाल र पुष्पकमल दाहालहरू नै हुन् भन्ने कुरा पनि घामजत्तिकै छर्लङ्ग छ ।
कांग्रेसको देउवाइतर पक्षले भने बेग्लै नीति बनाएको छ । सरकारमा सम्मानजनक सहभागिता नगराउने हो भने देउवालाई एकलौटी सरकार चलाउन दिने । शेरबहादुर देउवाको सरकार गठन भएपछिका घटनालाई हेर्ने हो भने मन्त्री बन्नको लागि कति धैरै घुर्की, दबाब र तनाव रहेको छ भन्ने बुझ्न गाह्रो छैन । पार्टीगत भागबण्डा र सौदाबाजी नमिलेकै कारण मन्त्रीमण्डल गठन हुन सकेको छैन । चुनाव जितेर आएपछि सांसदहरू मन्त्री बन्ने आकांक्षा राख्नु अस्वभाविक होइन । तर, सांसदहरूले मन्त्री बन्नकै लागि राजनीतिक, सांगठनिक, नैतिक सीमा र मर्यादा नाघेर ' दाम्लो चुँडाल्नु' सत्ता राजनीतिको निकै भद्दा र कुरूप पक्ष हो । नेपालको संसदीय इतिहासमा मन्त्री बन्नको लागि सबै थोक गरिसकिएको छ । गर्न बाँकी केही छ जस्तो देखिँदैन । नयाँ जमानाअनुसारका विकृति आउने नै छन् । मन्त्री बन्नको लागि पार्टी विभाजन, गुट परिवर्तन, सांसदहरूको किनबेच, पार्टी फेरबदल सामान्य विषय भइसकेका छन् । एमाले र माओवादीहरू फुटेर धुजाधुजा बनेपछि नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाको सरकार गठन भएको हो । कांग्रेस, माओवादी र माधव पक्षका सबैजसो सांसदहरू मन्त्री बन्ने आकांक्षी रहेको प्रष्ट भइसकेको छ ।

मन्त्री पनि छैनन्, जवाफ पनि छैन

कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा प्रधानमन्त्री बनेको एक महिना पूरा भएको छ । केपी शर्मा ओलीको सरकारले काम गर्न नसकेको भन्दै उनीविरुद्ध विपक्षी गठबन्धन बनाइएको थियो । विपक्षी गठबन्धन अहिले सत्तापक्षमा परिणत भएको छ । सत्ता सम्हालेको एक महिना बितिसक्दा सरकारले कुनै नयाँ कामको थालनी गर्न नसकेको मात्रै होइन, मन्त्रीमण्डल विस्तार गर्न समेत सकेको छैन ।
सत्तारुढ गठबन्धनभित्र दाम्लो चुँडाल्नको लागि तयार भएका सांसदहरू धैरै भएपछि मन्त्रीमण्डल विस्तार हुन सकेको छैन भन्ने खुला सत्य हो । शेरबहादुर देउवा, माधवकुमार नेपाल, पुष्पकमल दाहाल र उपेन्द्र यादवले सरकार गठन भएको एक महिनासम्म पनि मन्त्रिमण्डललाई पूर्णता दिन नसक्नु सत्ता गठबन्धनको असफलता हो । सत्ता गठबन्धन कति कमजोर धरातलमा उभिएको रहेछ भन्ने कुरा सरकार गठन गर्न नसक्नुबाट पनि बुझ्न सकिन्छ । सत्ता गठबन्धनका विगतका खराब प्रवृत्ति हेर्दा देउवालाई अल्पमतमा पुऱ्याउने षड्यन्त्र नहोलान् भन्न पनि सकिँदैन । त्यसको छनक माओवादी अध्यक्ष पुष्पकमल दाहालले दिइसकेका छन् ।
केपी ओलीले कानुनविपरीत नियुक्त गरेका मन्त्रीहरू सर्वोच्च अदालतले खारेज गरि दिएपछि र देउवाले मन्त्रीहरू नियुक्त नगरेपछि झण्डै दुई महिनादेखि मन्त्रालयहरू नेतृत्वविहीन भएका छन् । सत्तागठबन्धन मन्त्रिमण्डल गठन गर्न नसकेर रुमल्लिने हो भने सरकारले सामान्य रूपमा पनि काम गर्न सक्दैन । सत्ता गठबन्धनले जनतामाथि धोका दिइरहेको छ । लुटको धन्दा चलाउन मन्त्री बन्ने धोको
नेपालमा राजनीतिक विकृति भनेको मोलमोलाइ गरेर मन्त्री बन्नु, बनाइनु हो । पार्टीलाई पैसा बुझाएर मन्त्री बन्ने र देश लुटेर पैसा असुल गर्ने धन्दा पञ्चायत, बहदल र गणतन्त्रमा पनि उस्तै गरी मौलाइरहेको छ । एकातिर मन्त्री बन्न पाइने, अर्कोतिर लुट्न पनि पाइने भएपछि दोहोरो फाइदाको धन्दा सामान्य बनेको छ । पार्टी नेतृत्वको व्यक्तिगत र गुटगत फाइदाको लागि व्यापारी, उद्योगपति, ठेकेदारहरूलाई मन्त्री बनाइने गरेको छ । पेशागत स्वार्थ बाझिने व्यक्तिहरूलाई कयौं पटक मन्त्री बनाइएको कुराको व्यापक विरोध हुँदा पनि सुधार हुने कुनै सम्भावना देखिँदैन । राजनीतिक पृष्ठभूमिका नेताहरूलाई पछ्याएर व्यापारी र ठेकेदारहरूलाई मन्त्री बनाउनु सामान्य भइसकेको छ ।
समानुपातिक निर्वाचनको कारण सांसद हुनको लागि व्यापारी उद्योगपतिहरूबीच हानथाप चलिरहन्छ । पार्टीलाई पैसा दिएकै भरमा सांसद र मन्त्री हुन पाइने भएपछि राजनीतिक पृष्ठभूमिका व्यक्तिहरू किनारा लाग्नु स्वभाविकै हो । धनाढ्य उद्योगपति र व्यापारीहरू समानुपातिक सूचीबाट सांसद बन्नको लागि राजनीतिक पार्टीमाथि ठूलो धनराशी लगानी गरिरहेका छन् । राजनीतिक पार्टीहरू जुन उद्योगपति वा व्यापारीले ठूलो लगानी गरिरहेका छन्, तिनीहरूको निजी कम्पनी जस्तै बनेका छन् । बाहिरबाट हेर्दा दलका नेताहरूले निर्णय गरेको जस्तो देखिए पनि उनीहरूलाई सञ्चालन गर्ने भित्री गिरोह परिचालित भएको कुरा मुख्य नेताहरूका बानी, व्यवहार र निर्णयहरूबाट छर्लङ्ग भएको छ ।
देशको आवश्यकताले मन्त्री बन्ने कुरा नेपाली राजनीतिमा असम्भव जस्तै बनेको छ । करोडौका गाडी चढ्ने, आफन्त र आसेपासेहरूलाई राजनीतिक नियुक्ति दिलाइदिने, तिनीहरूमार्फत् लुटको धन्दा मच्चाउने, सामन्ती रवाफ देखाउने, एक पटक मन्त्री बनेपछि पूर्वमन्त्रीको रूपमा परिचय स्थापित गराउने र जिन्दगीभर त्यसैको राजनीतिक ब्याज खाइरहने घृणित संस्कृति स्थापित भइसकेको छ ।
वि.सं. २०६३ को आन्दोलनपछि करिब एक दर्जन सरकार गठन भइसकेका छन् । धैरै पटक सरकारको गठन र तथ्यांक राख्न पनि सकस हुने गरी मन्त्रीमण्डल गठन गरिएपछि पार्टीका उपल्लो तहका सबैजसो नेताहरू मन्त्री भइसकेका छन् । जिन्दगीमा एक पटक मन्त्री बन्ने धोको पूरा गर्ने लाइनमा पार्टीका सबैजसो सांसदहरू देखिन्छन् ।
प्रधानमन्त्री केपी शर्मा ओलीले तीन वर्षमा १७ पटक मन्त्रीमण्डल विस्तार गरेर ५९ जनालाई मन्त्री बनाएका थिए । तीन वर्षको अवधिमा ५९ जना मन्त्री हुनु राजनीतिको घृणित खेल हो । केन्द्रीय सरकार मात्रै नभएर प्रदेश सरकारमा पनि मन्त्री बन्नको लागि हानथाप चलिरहन्छ । एमाले, माओवादी, कांग्रेस, मधेसवादी दलहरूमा मन्त्री नबनेको सांसद भेटाउन गाह्रो भइसकेको छ । आजभोलि टोलटोलमा गुण्डाहरू भेटिन छोडेका छन् । मन्त्रीहरूको हैसियत कसरी टोले नेतामा झरेको छ र टोले

क्रमश: अर्को अंकमा....

# किनकि स्वास्थ्य अमुल्य छ


डा. राजन नेपाल

*कयौं वर्ष देखी मेरा कानमा गुन्जिरहेका ती शब्दहरु ए डाक्टर बाबु लौन च्वाट्टै बनाउनु परो । ए डाक्टर बाबु लौन औखती लेखिदिनु परो । ए डाक्टर बाबु लौन घर खेत सबै बेचेर आको, लौन निको बनाउनु परो । ए बाबु यो दमलाई डाँडा कटाउनु परो । यी शब्दहरु मेरा लागि मार्गदर्शक भनेका छन । अनि घन्टौ सम्म टोलाउदै भन्ने गर्दछु । म मेरो संघर्ष, स्वास्थ्य प्रती लगनशीलता, स्वास्थ्य क्रान्तिको नारा अखिर के का लागि ?*

जीवनको एउटा गोरेटोमा म र मेरा उद्देश्यहरु एक साथ लावा लस्करका साथ आगाडि बड्दै छन् । कतै बाटो बिराय भने ! भन्ने डर न भाको पनि होइन । उद्देश्यलाई पुर्ती गर्ने होडबाजीमा कतै पछाडि परिने त होइन । खुट्टा तान्ने र खुट्टा भाँच्ने प्रवृत्ति सङ्ग म पक्कै डराएको छुँ । तरपनी म गोर्खाली हुँ भन्दै नवीन क्रान्तिकारी सोचका साथ आफ्ना इच्छा र अभिलाषालाई बिउताउदै स्वस्थ्य क्रान्तिमा होमिन पुगेछु । किनकि म चाहन्छु परिबर्तन र परिवर्तित स्वास्थ्य क्षेत्र ।

सिन्धुपाल्चोक देखी काठमाडौं सम्म, काठमाडौं देखी पश्चिम् सम्म आई पुग्दा मेरो जिवनका पाना हरुमा केहि पानाहरु भरिय, केहि अधुरो नै रहे, केहि च्यातिय । तर निःस्वार्थ भावना बोकी स्वस्थ्य क्रान्तिको बिउ रोपि ति राता माटाले यस धर्तीलाई पोत्दै, क्रान्तिका गुच्छाले धर्तीलाई सिँगार्दै, नदि नालाको सफा पानी झै प्रत्यक धानका गहरामा अवस्थित धान बालालाई चुम्बन गर्न पुगे झैं, आज म अतितका स्मृतिहरुसंग रमाउदै, संघर्ष रूपी जीवनलाई आत्मसात गर्दै, स्वास्थ्यका भावनाहरु सँग होस्टेमा हैंसे गर्दै प्रत्यक नेपालीहरुको छाप्रोमा स्वास्थ्यको दीप प्रजनन गर्दै हिडिरहेको छु । त्यसैले त म गर्वका साथ भन्छु, म हुँ एक स्वस्थ्यकर्मी । कयौं वर्ष देखी मेरा कानमा गुन्जिरहेका ती शब्दहरु ए डाक्टर बाबु लौन च्वाट्टै बनाउनु परो । ए डाक्टर बाबु लौन औखती लेखिदिनु परो । ए डाक्टर बाबु लौन घर खेत सबै बेचेर आको, लौन निको बनाउनु परो । ए बाबु यो दमलाई डाँडा कटाउनु परो । यी शब्दहरु मेरा लागि मार्गदर्शक भनेका छन । अनि घन्टौ सम्म टोलाउदै भन्ने गर्दछु । म मेरो संघर्ष, स्वास्थ्य प्रती लगनशीलता, स्वास्थ्य क्रान्तिको नारा अखिर के का लागि ?

हो म स्वास्थको नारा कोर्ने मान्छे, दुखी गरिवको घाउमा मलम लगाउने मान्छे । म कपट पक्कै होइन, म गाजा भाङ्ग धतुरो सेवन गर्ने मान्छे पक्कै होइन, वर्खा झरीको पानिले मेरो स्वास्थ्यको नारा पक्कै भिझाउने छैन ।

म त स्वास्थ्यको इट्टाले प्रत्येक गरिवको छाप्रो छाउने मान्छे । भोलिपल्ट विहान ईस्नान गरि ठिक ९ बजे इएम टेबलमा बसि मिठो मुस्कानका साथ; आमा कहाँ दुख्छ तपाईंलाइ ? बा के छ तपाईंको सम्मया ? आमा बा यो औखति खानुस है भन्दै दिन चर्या सुरु गरेको पनि आज कयौं बर्ष बितेछन् र बित्दै जाने छन् ....।

भुकम्पले क्षती पुऱ्याएको देश हाम्रो नेपाल । स्वास्थ्व क्षेत्रमा पिछडिएको देश हाम्रो नेपाल । राजनितिक क्षेत्रमा प्राय जसो उथलपुथल भइरहने देश हाम्रा नेपाल । तसर्थ आजको आवश्यकता स्वस्थ र खुशी जीवन शैली, यी कुराहरु शब्दमा मात्र सिमित नराखेर व्यवहारमा उतार्ने कम्मर कसौं । एक स्वस्थ र सकृय जीवन शैली बनाउन आजबाट अगाडि बढाउ । उचित आहरा र व्यायममा ध्यान दिउ । एक स्वस्थ बानी र उचित पोषणलाई  आत्मसात गर्दै अगाढि बढौं । मानव शरीरका प्रणालीहरुलाई व्यवस्थापन गर्न उचित आहरा, नियमित व्यायम चेकजाँचलाई तिब्र गतिमा अगाडि बढाउ । स्वास्थ्य नै जीवन हो भन्ने मुल नारका साथ नेपालको प्रत्येक ग्रामिण भेगमा स्वास्थ्यको पहुँच बढाउ । प्रत्येक गाउँ गाउँमा नवीन स्वास्थको प्रणाली अपनाउ । परिवर्तन पक्कै सम्भव छ । आफुले नियमित प्रयोग गर्ने आहारामा विशुद्धता भन्दा पनि शुद्धतालाई अगाढी बढाउँ । स्वास्थ नै धन हो भन्ने मुल नाराका साथ आफ्नो घर परिवार हुँदै समाज हुँदै राष्ट्रलाई स्वास्थ्य क्षेत्रमा विकास गरौ । संकल्पको कमि हुन नदिउ । आधुनिक जीवन शैलिलाई आत्मसाथ गर्दै, योग, खेलकुद र स्वास्थ्य क्षेत्रमा विशेष जोड दिई आफू सुरक्षित बनेर देशलाई पनि सुरक्षित बनाउ । जय देश ।

# कृत्रिम/प्राकृतिक गर्भाधान र यसको महत्व


गिरीराज पौडेल

पशुहरुलाई प्रजनन गराउने यो आधुनिक एवं वैज्ञानिक तरीका हो । यस तरीकावाट सजिलै सँग पशुहरुको नश्ल सुधार गरी तिनीहरुको उत्पादकत्व वढाउन सकिन्छ । कृत्रिम गर्भाधान कार्य सफलता पूर्वक गर्न शुक्रकिट स्वस्थ्य र जिवीत हुनु पर्छ । कृत्रिम गर्भाधान भनेको कृत्रिम तरीकावाट राम्रो नश्लको भालेवाट संकलन गरिएको विर्य भाले खोजेको पोथी पशु (गाई, भैंसी) आदिलाई ठिक समयमा गर्भाशयको ठिक ठाउंमा कृत्रिम तरीकावाट राखी गर्भाधान गराउने प्रकृयालाई कृत्रिम गर्भाधान भनिन्छ । अनि भालेको शुक्रकिट र पोथीको डिम्बको मिलन हुन्छ र वच्चा वढन शुरु हुन्छ ।

कृत्रिम गर्भाधानवाट जन्मिएका सन्तानहरुले बढी दुध दिनुका साथै स्थानीय जातको तुलनामा चाडै साढे खोज्छन् । कृषकहरुलाई साढे पाल्ने झंझट पनि व्यहोर्नु नपने र कृषकको श्रम र समय वचत हुन्छ । यसवाट उत्तम गुणहरु भएका असल साढे/राङ्गोको विर्यवाट बढी भन्दा बढी मात्रामा अनेकौं गाईभैंसीहरुलाई गर्भाधान गराउन सकिन्छ । आफूले चाहेको जातका वाच्छावाच्छी जन्माउन, पाठेघर एवं गर्भाशय सम्बन्धी रोगहरु गाईहरुमा सर्न समेत पाउदैन । सांढे लैजान नसकिने विकट ठाउंहरुमा पनि उन्नत नश्लका वाच्छावाच्छीहरु उत्पादन गर्न सकिन्छ । उन्नत र असल भाले वुढो भएपछि र मरिसकेपछि पनि कैयौं वर्षसम्म त्यसको संरक्षित विर्यवाट पोथीहरुलाई गर्भाधान गराउन सकिन्छ । नियमित रुपमा विर्य जांच हुने हुंदा कमसल खालका सांढेको विर्य प्रयोग हुदैनन् र सधै राम्रा वाच्छावाच्छीहरु जन्मन्छन् । साधारणतया पशुले भाले खोजेको ६ घण्टादेखि २४ घण्टासम्म कृत्रिम गर्भाधान गर्न सकिन्छ । तर १२ घण्टादेखि २० घण्टाको अवधि भित्र कृत्रिम गर्भाधान गर्दा सवभन्दा बढी गर्भाधान भएको पाइएको छ । बिहानीपख भाले खोजेको पशुले त्यहि दिनको साँझ कृत्रिम गर्भाधान गर्न सक्दछन भने दिउँसोपख भाले खोजेको पशुले भोलिपल्टाको बिहान र साझको समयमा भाले खोजेको पशुले भोलिपल्ट दिउँसो कृत्रिम गर्भाधान गने गर्दछन । प्राकृत्रिक गर्भाधान भने सांढे वा राङ्गोवाट गाई वा भैंसी हिटमा आएको वखत प्राकृतिक रुपले गराउने प्रजननलाई प्राकृतिक प्रजनन भनिन्छ । यो हाम्रो देशमा मुख्य रुपमा भइरहेको छ । प्राकृत्रिक गर्भाधान जुनसुकै ठाउं र समयमा पनि उपलव्ध हुने एवं् गहन प्रविधिको आवश्यकता समेत नपर्ने हुँदा विशेष उपकरणहरुको आवश्यकता पर्दैन ।

तर प्राकृतिक प्रजननको लागि सांढे, राङ्गो पाल्न खर्चिलो हुनुका साथै गुण नियन्त्रण गर्न गाह्रो हुन्छ । संक्रामक रोगहरु एक अर्कोमा सर्ने सार्ने, राम्रो नश्लको अपाङ्ग सांढे राङ्गो प्रयोग गर्न नसकिने हुन्छ । हाडनाता प्रजनन हुन सक्ने र जसले गर्दा कम उत्पादनशील पशु जन्मन सक्नु, कमसल रागो लाग्न सक्ने वेफाइदा हुन्छ ।

# पाठेघरको क्यान्सर : हेलचेक्राइले झन् जटिल



'पहिला पतिसँगै आउनुभएको थियो। अहिले एक्लै आउनुभयो ? ', वीर अस्पतालकी वरिष्ठ क्यान्सर रोगविशेषज्ञ डा. आरती शाहको प्रश्न सुन्नासाथ उनका आँखा रसाए। उनले आँसु पुछ्दै भनिन्, 'रोग लागेको थाहा पाएपछि पतिले साथ छोड्नुभयो।'

तीस वर्षीया ती महिलाको पीडाले डा. शाहको मनमा चिसो पस्यो। 'नरमाइलो लाग्यो। चार वर्षको छोरासहितकी ती महिलालाई सम्झाउनु र उपचार गर्नुसिवाय अरू सहयोग गर्न सकिएन', डा. शाहले भनिन् । पाठेघरको मुखको क्यान्सर (सर्भिक्स क्यान्सर) भएकी ती महिलाले अहिले केमोथेरापी लिइरहेकी छन्। अरूका घरमा घरेलु कामदारका रूपमा जीविकोपार्जन गर्ने उनले छोरालाई हेरविचार गर्न फुर्सद नमिलेपछि माइतीमा छाडेकी छिन्। श्रीमान्को अत्तोपत्तो छैन।

वीर अस्पतालमा भेटिएकी नुवाकोटकी ती महिलाको कथा अपवाद होइन। अधिकांश महिलालाई पाठेघरको क्यान्सर भएपछि उनीहरूका श्रीमान् र परिवारले बेवास्ता गर्ने गरेको पाइएको छ। क्यान्सर भएको पत्ता लागेपछि परिवारले झन् बढी स्याहार-सुसार एवं हेरविचार गर्नुको साटो बेवास्ता गर्ने प्रवृत्तिले उपचारमै समस्या पारेको छ। नभए समयमै उपचार गरे निको हुने रोग हो पाठेघरको क्यान्सर।

'समयमै थाहा पाइयो भने क्यान्सर रोग निको हुन्छ', सिभिल अस्पताल काठमाडौंका स्त्री क्यान्सर रोगविशेषज्ञ डा. जीतेन्द्र परियार भन्छन्, 'तर क्यान्सर भएको थाहा पाउनेबित्तिकै पत्नीलाई घरबाट निकालदिने वा छोड्ने कार्यले बिरामीलाई झन् अप्ठेरोमा पारिरहेको छ।'

यसरी घरपरिवारले बेवास्ता गर्नुका केही कारण छन्। मुख्य कारण त चेतनाको कमी नै हो। 'अधिकांशलाई क्यान्सर लागेपछि उपचार हुँदैन भन्ने भ्रम छ', नेपाल क्यान्सर केयर फाउन्डेसनका अध्यक्ष सुशील पन्तले बताए। पन्तका अनुसार यसरी बेवास्ता गर्नुको कारण आर्थिक विपन्नता पनि हो। नेपालमा क्यान्सर उपचारमा प्रयोग हुने अधिकांश औषधी महँगा छन्। अर्कोतर्फ सीमित अस्पतालमा मात्रै क्यान्सरको उपचार हुन्छ। त्यसैले उपचारमा सहुलियत भए पनि आउनेजाने, बस्नेखाने खर्च पुऱ्याउन नसक्दा अधिकांशले बीचैमा बिरामीलाई अलपत्र पारेर हिँड्ने गरेका छन्।

*आँटे जितिन्छ*

धेरैलाई लाग्छ- क्यान्सर उपचार नहुने रोग हो। तर यो सबैभन्दा ठूलो भ्रम हो। समयमै पत्ता लागे क्यान्सरको उपचार सम्भव छ भन्ने प्रशस्त उदाहरण छन्। त्यसका दुई उदाहरण हुन् ८२ वर्षीया आशा गुरुङ र ७० वर्षीया धनमाया गुरुङ। उनीहरू दुवैलाई १० वर्षअगाडि पाठेघरको मुख क्यान्सर भएको फेला परेको थियो। प्रारम्भिक अवस्थामै पत्ता लागेकाले दुवैको उपचार सम्भव भयो। अहिले उपचारपछि दुवैले सक्रिय जीवन बिताइरहेका छन्। उनीहरूको उपचार सफलताको खुसीमा बीपी

कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरले त माघ ९ गते केक नै काटेको थियो। केक काट्दै अस्पतालका कार्यकारी निर्देशक डा. विजयचन्द्र आचार्यले भनेका थिए, 'सुरुवाती समयमै उपचार सुरु गर्ने हो भने रोगविरुद्ध लड्न सकिन्छ।'

नियमित परीक्षण र तुरुन्त उपचार हुने भएकाले विकसित मुलुकमा पाठेघरका क्यान्सरका बिरामी अत्यन्तै न्यून पाइन्छन्। 'कतिपय मुलुकमा त पाठेघरको क्यान्सरका बिरामी नै छैनन्। कम विकसित देशमा अझै पनि पाठेघरको मुखको क्यान्सर महिलामा हुने क्यान्सरमध्ये पहिलो नम्बरमा छ', भक्तपुर क्यान्सर अस्पतालकी स्त्री क्यान्सर रोगविशेषज्ञ डा. एलिजा श्रेष्ठ भन्छिन्। खासमा क्यान्सर रोगविरुद्ध लड्छु भन्ने आँटले पनि त्यसलाई जित्न सघाउ पुऱ्याउँछ। अचेल क्यान्सरविरुद्ध लड्नकै लागि विभिन्न संस्था पनि खुल्न थालेका छन्। ती संस्थाले क्यान्सरपीडितसँग अन्तरक्रिया गर्ने, आर्थिक सहयोग जुटाउने लगायतका काम गरिआएका छन्।

*आउनै ढिलो*

भक्तपुर क्यान्सर अस्पतालमा आएकी गोरखाकी एक महिलालाई जाँच गर्दै गर्दा उनको जनेन्द्रियबाट रगतको धारा नै छुटेपछि डाक्टरहरूले आकस्मिक कक्षमा पुऱ्याउनुपऱ्यो। यो त एक उदाहरण मात्रै हो। क्यान्सर उपचारको सबैभन्दा ठूलो समस्या नै परीक्षणमै ढिलाइ हो। डा. श्रेष्ठ भन्छिन्, 'महिलाहरू निकै ढिलो उपचार गराउन आउने भएकाले मृत्युको मुखमा पुग्न बाध्य हुन्छन्। केही गर्न नसकिने अवस्थामा बल्ल उपचार गर्न आउँछिन्।'

यो सबैजसो क्यान्सर अस्पतालमा देखिने समस्या हो। खासमा पाठेघरको मुखको क्यान्सर प्रारम्भिक चरणमा थाहा भयो भने उपचार हुन्छ। तर समय घर्किसकेपछि भने उपचारमा कठिनाइ उत्पन्न हुन्छ। विश्व स्वास्थ्य संगठनका अनुसार, विश्वमा हरेक वर्ष पाँच लाख महिलालाई

पाठेघरको मुखको क्यान्सर हुन्छ। तीमध्ये दुई लाखको मृत्यु हुन्छ। नेपालमा बर्सेनि कति महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र कतिको मृत्यु हुन्छ भन्ने यकिन तथ्यांक छैन। तर विभिन्न अस्पतालमा उपचार गराउन आएका महिलाको तथ्यांक हेर्दा बर्सेनि एक हजार महिलाको मृत्यु हुने गरेको स्त्री क्यान्सर रोगविशेषज्ञहरूको अनुमान छ। पाठेघरको क्यान्सरअन्तर्गत पाठेघरको मुखको क्यान्सर र पाठेघरको भित्रपट्टिको क्यान्सर मुख्य मानिन्छ।

*ढिलो देखिने लक्षण*

डा. शाहका अनुसार पाठेघरका मुखको क्यान्सर भएका महिलामा लक्षण नदेखिन पनि सक्छ। सुरुमा लक्षण नदेखिने भएकाले एवं कतिपय अवस्थामा हेलचेक्रयाइँ गरेर महिला निकै ढिलो मात्र उपचार गर्न आउने गरेको चिकित्सकहरू बताउँछन्।

पाठेघरको क्यान्सरका लक्षण फरक-फरक हुन्छन्। डा. श्रेष्ठका अनुसार, कसैलाई सेतो र गनाउने पानी बग्ने, कहिलेकाहीं सेतो पानीमा रगत मिसिएर आउने हुन्छ। महिनावारी नहुँदा पनि रगत जाने वा यौन सम्बन्धपछि पनि रगत बग्ने हुन्छ। रोगले जटिल रूप लिँदै जाँदा पहिलेको भन्दा धेरै पानी बग्ने, पानी गनाउने, पटक/पटक संक्रमण हुने र पानीमा रगतसमेत मिसिएको समेत हुन सक्छ। महिनावारी नभएको समयमा पनि रगत देखा पर्ने यस रोगको प्रमुख लक्षण हो। 'पाठेघरको मुख र पिसाबको नली नजिकै हुन्छ। पछि पिसा फेर्न पनि धौ हुने पनि हुन्छ। मिर्गौला, पिसाबको थैलीमा समेत असर गरेर अन्य शारीरिक लक्षण पनि देखा पर्छन', डा. श्रेष्ठ भन्छिन्।

महिनावारी बन्द भइसकेका महिलामा फेरि रगत देखा परेमा यो रोग लागेको शंका गर्न सकिन्छ। कसैमा पेट फुल्ने समस्या पनि देखिन सक्छ। धेरै फैलिएको अवस्थामा खुट्टा सुन्निने, ढाड तथा कम्मर दुख्ने साथै दिसापिसाबमा समस्या देखा पर्न सक्छ।

'कुनै लक्षण नै देखिएको छैन भनेर चुप लागेर बस्नु हुँदैन। अधबैंसे उमेरका महिलामा पाठेघरको क्यान्सर बढी देखिएको छ। कतिपयलाई अहिले नै लक्षण नदेखिएको हुन सक्छ', डा. शाहको भनाइ छ।

के हो पाठेघरको मुखको क्यान्सर ?

क्यान्सरको सामान्य अर्थ हो, शरीरका कोषहरूको अनियन्त्रित वृद्धि। हाम्रो शरीर कोषैकोषले बनेको संरचना हो। कोषहरू मिलेर तन्तु बनाएका हुन्छन्, तन्तुले अंग, अंगअंगले प्रणाली। हरेक तन्तुलाई सक्रिय बनाउन रक्तनलीहरूले रगत पुऱ्याउने गर्छन्। तर यदि कुनै अंगका कोषहरू अनियन्त्रित रूपले वृद्धि भए भने त्यहाँ रक्तनली पुग्दैन। त्यसपछि ती वृद्धि भएका कोषहरूले शरीरलाई नै असर पुऱ्याउन थाल्छन्। त्यही नै हो क्यान्सर। यस्तो कोष वृद्धि पाठेघरको मुखमा भयो भने त्यसलाई पाठेघरको मुखको क्यान्सर भनिन्छ। क्यान्सरका अनेक कारण छन्। पाठेघरको मुखको क्यान्सरको भने प्रमुख कारण

बाँकि ७ पेजमा.....

# तीज हिंजो जस्तो छैन



दिपा घर्ति

तीजको धार्मिक महत्वसंगै सामाजिक महत्व पनि उत्तिकै छ। नेपाल कृषिप्रधान मुलुक हो । तीज बालीनाली रोपिसके पछि केही फुर्सदको समयमा मनाइने पर्व हो । आपसी प्रेम बढाउने यो पर्वले महिलाहरूको दुखेसो पोख्ने वातावरण सिर्जना गरिदिन्छ।

बालीनाली लगाइसकेपछि केही फुर्सदको समयमा माइतीबाट बाबु वा दाजुभाइ गएर छोरीचेलीलाई भेट्ने र सकेसम्म माइती लिएर फर्कने प्रचलन छ।

तीज पर्वको धार्मिक, सांस्कृतिक,सामाजिक तथा पारस्पारिक महत्व रहेको रहेको छ। तीज हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन मनाइन्छ । अघिल्लो रात अर्थात् द्वितीयाका दिन दर खाने चलन छ । तीजका दिन व्रत बसिन्छ । चौथीका दिन स्नानगरी व्रतको पारण गरेर खाना खाइन्छ भने तीजको तेस्रो दिन अर्थात् ऋषिपञ्चमीका दिन व्रतालु महिलाहरूले ३ सय ६५ वटा दतिवनले दाँत माझेर माटो लेपन गरी स्नान गर्छन् । पञ्चमीका दिन अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज,विश्वामित्र, गौतम, जमदग्नि तथा वशिष्ठ ऋषिको पूजा गरी हलोले नजोतेको अन्नको भात र एक सुइरे भएर उम्रने कर्कलो आदिको तरकारी वा एकदलीय अन्न मात्र खाइन्छ। यो दिन श्रीमानले पकाएको भोजन खाए आपसी आत्मीयता एवं सद्भाव बढ्ने विश्वास छ। तीजमा प्रयोग हुने गहना र पहिरनको पनि आफ्नै महत्व छ।

धार्मिक संस्कारयुक्त तीज सर्वमान्य हुन्छ । तीजका दिन महिलाले लगाउने रातो साडी सुख, समृद्धि एवं साहसको प्रतीक मानिन्छ । रातो रंगले महिलालाई एक किसिमको शक्ति प्रदान गर्ने धार्मिक विश्वास छ। पोतेले शान्ति र आनन्द प्रदान गर्छ भने रातो टीका सौभाग्यको प्रतीक हो। हृदय स्वच्छ भए मनोकांक्षा पूर्ण हुने धार्मिक विश्वास तीजको व्रतमा अन्तरनिहित छ । तीजमा महिलाहरूले निर्जल, निराहार उपवास बस्नुपर्ने धार्मिक मान्यता छ। एक प्रकारले

हेर्दा यसले महिलालाई पुरुषको अन्धभक्त बनाउन खोजेजस्तै देखिन्छ। पुरुषभक्त हुन गरिने व्रत तीजमा महिलाले गरेको धार्मिक विधिले श्रीमानको दीर्घायु, सुस्वास्थ्य, प्रगति हुने मान्यता छ। तीजको धार्मिक महत्वसंगै सामाजिक महत्व पनि उत्तिकै छ। नेपाल कृषिप्रधान मुलुक हो । तीज बालीनाली रोपिसकेपछि केही फुर्सदको समयमा मनाइने पर्व हो । आपसी प्रेम बढाउने यो पर्वले महिलाहरूको दुखेसो पोख्ने वातावरण सिर्जना गरिदिन्छ । बालीनाली लगाइसकेपछि केही फुर्सदको समयमा माइतीबाट बाबु वा दाजुभाइ गएर छोरीचेलीलाई भेट्ने र सकेसम्म माइती लिएर फर्कने प्रचलन छ।

जसले माइती चेलीको आपसी सम्बन्धलाई मजबुत बनाउँछ । बिवाह भएर टाढा पुगेका दिदीबहिनीबीच भेट गराएर यो पर्वले उनीहरूको मन हलुका पार्न र सुख-दुःखका कुराकानी गने अवसर समेत जुटाइदिन्छ। केही वर्षयतादेखि व्रतको अघिल्लो दिन खाइने दरको स्वरूपमा परिवर्तन हुँदै गएको छ। कतिपय मध्यम वर्गीय घरमा सामाजिक संस्कार फेरिएका छन् । बिवाह भएको पहिलो वर्ष छोरीको घरमा दर पठाउनुपर्ने चलन बढ्न थालेको छ । यसले माइती पक्षलाई छोरीका निम्ति थप आर्थिक भार बेहोर्नुपर्ने बाध्यता सिर्जना गरिदिएको छ। यस्तो सामाजिक व्यवहारले तीजको वास्तविक उद्देश्यलाई ओझेलमा पारेको छ। यो चलनको दुष्प्रभावस्वरूप धेरै बुहारी भएको घरमा कसले कति ल्याउने भन्ने अनावश्यक टिप्पणी हुने गर्छ । कम ल्याउने बुहारीलाई होच्याउने, अपमान गर्ने र बढी ल्याउने बुहारीलाई बढी सम्मान दिने गलत र अनावश्यक प्रतिस्पर्धाले हाम्रो सामाजिक सद्भाव र मेलमिलापमै असर पार्न सक्छ। यस्ता गलत प्रवृत्ति हटाउने हो भने तीजको सामाजिक महत्व अत्यन्त ठूलो छ। मान्छे जति आधुनिक भए पनि उसले जन्मसँगै पाएको संस्कार एवं संस्कृति छोड्न सक्दैन । नेपालमा रहेका हिन्दू समुदायले मनाउने तीज पर्वलाई अहिले अन्य जातिले पनि मनाउन थालेको पाइन्छ। तीजलाई महिलाको रमाइलो पर्वका रूपमा समेत लिइने भएकाले युवतीहरू पनि यसमा रमाउँछन् । कामबाट केही समय अवकाश लिँदै परिवार, साथीभाइ जमघट, घुमघाम, नाचगान यो पर्वको अर्को विशेषता बन्दैछ। तीजमा गीत-संगीतको विशेष महत्व रहन्छ । महिलाहरू विद्युतीय उपकरण र साधन नहुँदा समूहमा भेला भई गीत गाउँथे भने अहिले रेडियो र टेलिभिजनमा आधुनिक शैलीका गीत र नृत्य गुञ्जिन थालेका छन् । तीजका गीतमा छोराछोरीबीचको विभेद, पीडा, सासूबुहारीको कचकच, दुःख, ईर्ष्या आदि विषय समावेश हुन्थे तर अहिले तीज गीतका विषय पनि परिवर्तन भएका छन् । सांस्कृतिक मान्यतास्वरूप महिलाहरू गीत गाउँदै नजिकैको मन्दिर वा समूहमा भेला भएर विभिन्न भाकामा तीजका लय गुञ्जाउँछन् ।चुल्हो-चौको एवं घर धन्दाको व्यस्ततामै अल्झिएका अधिकांश महिला तीजमा मन खोलेर आफ्नो व्यथा पोख्छन्। अहिले सबै नेपाली नारीको घरमा यस्तो अवस्था छैन । टोलटोलमा समूह बनाएर एक महिनाअघिदेखि नाचगान र खानपिनका कार्यक्रम संचालन गरिन्छन् । कतिपय संघसंस्थाले तीज प्रतियोगिता पनि आयोजना गर्छन् । यसले तीजको खास अर्थ र महत्वलाई मारेको मात्र छैन, संस्कार र संस्कृतियुक्त तीजलाई भड्किलो र उत्ताउलो बनाउँदै लगेको छ। यद्यपि तीजको संस्कृति अन्य जात वा समुदायका महिलामा पनि प्रवेश गर्नु राम्रो कुरा हो । तर यसपटक कोरोना महामारीका कारण खासै जमघट नाचँगान भएका छैनन् । तीजलाई हामीले परम्परागत मान्यता र विधि नमर्ने गरी परिस्कृत गदैलानुपर्छ। शिक्षित र सभ्य समाजमा हुर्किएका आधुनिक महिलाहरूले अन्धविश्वासलाई चिदै तीजलाई उल्लासमय एवं संस्कारयुक्त बनाउन पहल गर्नुपर्छ । तीजलाई आधुनिकीकरण गने नाममा भड्किलो र असभ्य बनाउनु भने हुँदैन। आफूलाई आधुनिक र सहरिया मान्ने महिलाहरू होटलमा भेला भएर पार्टी आयोजित गर्छन् र लठ्ठिने गरी मदिरामा डुब्छन् । तीजका नाममा भित्रिएको यो सबैभन्दा दुर्गन्धित पक्ष हो। इज्जत र सभ्यता अनि सुन्दर देखिन नभई अरुको देखासिकी र प्रतिस्पर्धाका लागि गहना लगाउने चलन पनि भित्रिएको छ। त्यसले आर्थिक भार पनि बढिरहेको हुन्छ। यस्तो व्यवहारले मौलिक संस्कृतिलाई पनि ओझेलमा पार्छ । यो पर्वको सांस्कृतिक महत्वको जगेर्ना गर्न विकृतिहरू हटाउँदै जानु आवश्यक छ।

हिमालयपुत्री पार्वतीबाट सुरु भएको मानिने तीजको परम्परा निकै पुरानो छ । हरितालिका तीजको व्रत पवित्र मन-बचनका साथ बस्दा अविवाहितले चिताएको वर पाइने तथा विवाहितहरूले आफ्ना पतिको दीर्घायु तथा सुस्वास्थ्य प्राप्त गर्ने परम्परागत मान्यता छ । त्यस्तै हरितालिका तीजको व्रत सकिएपछि मनाइने पञ्चमीको परम्परागत महत्व भने फरक छ। चाहे बिवाहित हुन् वा अविवाहित सम्पूर्ण नारीले यो दिनलाई आफ्ना लागि मनाउँछन् । पञ्चमीमा टोकिने ३ सय ६५ वटा दतिवनका डाँठले वर्षभरि जान-अन्जानमा भए-गरेका कायिक, वाचिक एवं मानसिक गल्तीबाट मुक्ति पाइन्छ भन्ने भनाई छ । यो दिनलाई महिलाको रजस्वलासँग प्रत्यक्ष जोडेर हेर्ने परम्परा छ । युवतीहरू प्रथम रजस्वलापछि मात्र पञ्चमी पूजामा सरिक हुन्छन् भने विवाहित प्रौढ एवं महिलाहरू रजस्वलाका बखत छुन नहुने चीज वा देवीदेवतालाई भूलवश छोइएको भए पनि दतिवन टोकेपछि सम्पूर्ण पाप पखालिने कुरामा विश्वास गर्छन् । तीज पर्वको परम्परागत महत्व सम्बन्धसँग जोडिएर आएको छ।

पारीवारीक सम्बन्ध सुधार गर्ने, यसलाई अझ प्रगाढ बनाउने तथा सम्बन्धमा भएका मनमुटावलाई प्रेममा बदल्ने पर्व हो तीज । अहिले पनि यसको आस्था र महत्व उत्तिकै छ। अनदीको लड्डे, तिलको छोप हालिएको करेलाको अचार आदि परिकारको स्वादसँगै पुराना भाका र शैलीका गीत गाउने, पानी नपिई व्रत बस्ने, पञ्चमीको पूजापछि कर्कलो खानेजस्ता परम्परागत संस्कार हाम्रो छ । जति पहिलो पुस्तासँगको संगतबाट संस्कार सिकिन्छ त्यति अरूले गरेको देखेर प्राप्त हुँदैन। पहिले तीजको बेला बिभिन्न मन्दिर खेल मैदानमा भेला भएर वर्षौ देखि टुटेका साथी संगिनी भेट भएर नारी बेदनाले भरिएका गीतहरु गाएर मनाउने प्रचलन बिस्तारै इतिहास बन्न थालेको छ । अहिलेको समाज परिर्वतनशिल छ । समाज परिर्वतनशिलतासँगै चाड पर्व र त्यसको महत्व भने कदापी फेरिदैन् । संस्कृतिको आफ्नै महत्व छ। आधुनिकताको नाममा संस्कृतिलाई आफु अनुकुल परिभाषा आफु अनुकुल चलाउन खोज्नुले अहिले चाडपर्वको महत्व माथी प्रश्न उठ्न थालेको छ। अहिले तीजको दिन पनि यसरी जम्मा हुने प्रचलन पनि घट्न थालेको छ। कहि कतै जम्मा भएपनि गीत संगीत पनि फरक खालका गाउने गर्नुले पनि सबैको चाख चाडपर्व प्रति घट्न थालेको छ । पछिल्लो समयमा तीज आउनु भन्दा पहिले विभिन्न पार्टी प्यालेस र पाँचतारे होटलमा दर खाने साउन्ड सिस्टम बजाएर नाच्ने गर्नाले पनि तिजको दिन कमै उपस्थिती देखिदै जान थालेको छ । झण्डै एक महिना अघिबाट दर खाने प्रचलन एउटा तिज पर्वको पछिल्लो समयमा भित्रिएको विकृतिको पाटो बन्न जान थालेको छ । तिज पर्वमा देखासिकी प्रतिस्पर्धा बढ्ने गरेको छ। पर्वलाई धर्म संस्कृति जोगाउनु भन्दा पछिल्लो पिढि देखासिखी तर्फ लागेको पुराना पुस्ताको चिन्ता छ। तिजको अर्को

मौलिक पक्ष भनेको दुःख, सुख र मनको वेदना पोख्ने गीतहरुमा पनि एउटा संस्कृति बोकेको छ । तर पछिल्लो समयमा नयाँ पुस्ताले बजारमा ल्याएका गीतहरुले उत्ताउला र सामाजिक सद्भाव बिथोल्ने खालका पनि देखिएका छन् । तीज भनेको गीतका माध्यमबाट महिलाहरुले आफुले भोगेका सुख दुखका बेदनाहरु पोख्ने ठुलो अवसर हो। तीज पर्व नारीहरुको सौभाग्य र समृद्धिका निम्ति शिव र पार्वतीको उपासना र पुजा गर्ने पर्व को रुपमा लिइन्छ। महिलाहरुलाई घरको विभिन्न जिम्मेवारी र तनावबाट केहि समयलाई भएपनि माइतिसंग समय बिताउने पर्वको रुप पनि हो।

पहिले नेपाली नारीहरू आत्मनिर्भर तथा स्वावलम्बी नभएका हुँदा एकदिन भए पनि मीठो-मसिनो ख्वाउन माइती पक्षकाहरू लामो समयदेखि दरको जोहोमा जुट्थे भने चेलीबेटीहरू पनि महिनौं अगाडिदेखि पर्खेर बस्थे। त्यही दिनलाई उनीहरू आफ्नो बह पोख्ने र स्वतन्त्र रूपले रमाउने दिनका रूपमा उपभोग गर्थे।

सासूले खटाउने संस्कारबाट आएका नेपाली महिलाले एकै दिन भए पनि राम्रो लाउने, मीठो खाने, स्वतन्त्र हुने अनि धक फुकाएर नाचगान गने मौका पाउने भएकाले यो पर्व नेपाली महिलाको आत्मीय पर्व हो जसको पर्खाइमा उनीहरू व्यग्र हुन्छन्। तीज मनाउने शैली भड्किलो र खर्चिलो बन्दै गएको प्रति पुराना पुस्ताको चिन्ता पनि छ । तीज पर्वमा पहिलो जस्तै अहिलेका पुस्तामा बिभिन्न चोक, मैदानमा भेला भएर गीत गाउँने नाच्ने प्रचलन पनि हट्दै जान थालेको छ। नयाँ पुस्ताले सँस्कृति जोगाउनको लागी बिशेष महत्व दिनु जरुरी रहेको पुराना पुस्ताका महिलाहरुको भनाइ रहेको छ। तीज संस्कार र संस्कृतिले पूर्ण



सुजता थापा क्षेत्री

“ तिजी शैली फेरिएसँगै तिज पर्वको मौलिकता हराउन थालेको छ । महँगा कपडा र सुनका गरगहना प्रदर्शन गर्ने चलन पनि बढेको छ । यसबाट विपन्न वर्गका महिलाहरुमा दोहोरो पिडा थपिएको छ ।”

सनातन हिन्दूधर्म मान्ने नारीहरूको एउटा महत्वपूर्ण चाड हो तिज । तिज भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म ४ दिन मनाउने गरिन्छ। श्रावण महिना लागेपछि भगवान शिवको व्रत बसी आराधना गरिनुका साथै तिज गितमा नाचगान मनोरञ्जन गर्ने गरिन्छ। तिजले नेपाली संस्कार र सांस्कृतिक परम्परामा विशेष स्थान ओगटेको पाइन्छ। नेपाली हिन्दू महिलाहरूद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तिज हिन्दु धर्मका नेपाली महिलाहरूले हर्षोल्लासका साथ मनाउने गर्दछन।

यो पर्व मुख्य रूपले नेपालभर मनाइन्छ भने भारतका केहिँ प्रान्तमा पनि मनाइने गरिन्छ। पार्वतीले भगवान शिवजी स्वामी पाऊँ भनी भाद्र शुक्ल पक्षको तृतियाका दिन कठोर तथा निर्जला व्रत बसी भगवान शिवजी स्वामी प्राप्त गरेको विश्वासमा तिज पर्व मनाइन्छ। यस दिनमा नेपाली हिन्दु विवाहित नारीहरुले आफ्नो पतिको दीर्घायुको कामना, परिवारको प्रगतिको मनोकामना लागि व्रत बस्छन्। अविवाहिताले सुयोग्य एवं शिव जस्तो पति प्राप्तिको कामना सहित व्रत बस्ने गर्दछन्।

यसैगरी तिजको अघिल्लो दिन दर खाने चलन रहि आएको छ। दर खाने दिन तिजको व्रत बस्ने नारीहरूले दर पकाएर खाने चलन छ । आफूले जानेका मिठा-मिठा परिकार बनाउने, फलफुल खाने र राति सम्म तिज गितमा नाचगान गर्ने प्रचलन छ। यस्ता तिज गितमा सुख दुखका भावनाहरु समेटिन्छ । तिजी लयमा गितका माध्यमबाट दुख सुख साटासाट गर्ने, मनका खुसी तथा पिडाहरु माइतमा सुनाउने पनि गरीन्छ। वर्षभरीका दुखहरु साटासाट गर्दा मन हलुङ्गो हुन्छ भन्ने चलन छ। समय फेरीएसँगै बिगतमा तिज मनाउने प्रचलन र अहिले मनाउने चलनमा भने भिन्नता आएको छ।

पहिले पहिले तिजको बेला बिभिन्न मन्दीर, चउर, सार्वजनिक स्थानमा भेला भई वर्षभरीका वेदनाहरु सुनाउने गरीन्थ्यो। त्यसैगरी विवाह भएर कर्मघर गएदेखि भोगेका पिडाहरु साथी संगिनीहरुसँग सुनाइन्छ । पुराना पुस्ताले बेदनाले भरिएका गीतहरु गाएर मनाउने चलन थियो । साथै अत्याचार ज्यादतीलाई पनि गित मार्फत भण्डाफोर गर्ने संस्कृति तिजले बोकेको छ। आजभोलि तिज मनाउने शैली भने भड्किलो र खर्चिलो बनेको छ। तिज पर्व सम्पन्न वर्गको लागि उनीहरुको औकात प्रदर्शन गर्ने अवसर जस्तै भएको छ।

विभिन्न तारिकाबाट चडकभडक प्रदर्शन गरी एक आपसमा भौतिक वस्तुहरुको प्रतिपर्धामा उत्रिन थालिएको छ । यसबाट विपन्न वर्गका महिलाहरुमा दोहोरो पिडा थपिएको छ । हुने खानेहरुले होटल र पाटी प्यालेसमा साउण्ड सिस्टम बजाएर नाँच्न थालेका छन् । महँगा कपडा र सुनका गरगहना प्रदर्शन गर्ने चलन पनि बढेको छ।

आर्थिक अवस्था कमजोर भएकाहरुले पनि यिनीहरुको भड्किले देखासिकी गर्दै ऋण काढेरै भएपनि कपडा र गर-गहना किनेर मनाउने गर्दछन्। महँगा कपडा र गर-गरहनाहरु लगाउने प्रतिष्पर्धाले गरीवी परिवारको लागि चाड पर्व नभई दशा बन्ने गरेको छ। तिजी शैली फेरिएसँगै तिज गितमा पनि मौलिकता हराउन थालेको छ। नेपाली संगीत क्षेत्रमा पछिल्लो समयमा वजारमा निकालिने गितमा नेपाली संस्कृति भन्दा फरक शैलीबाट तोड मोड गर्दै र्‍याप शैलीमा तिजको मर्मभन्दा फरक बनाएर गाउन थालिएको छ । आजभोली तिज गितमा छाडा शैली र शब्द मिसाउँदा कतिपय कलाकार विवादमा

समेत आएका छन्। तिजको मौलिक पक्ष भनेको दुःख, सुख र मनको वेदना पोख्ने चलन हो। नयाँ पुस्ताले बजारमा निकालेका यस्ता उत्ताउला र सामाजिक सद्भाव बिगार्ने गित निकाल्नु राम्रो पक्ष होइन । समाज परिवर्तनशिल रहेपनि आधुनिकताको नाममा वर्षभरीको एक दिन मनाउने चाडमा विकृति भित्रिएको छ। किनकि नेपाली चाडपर्वले आफ्नै महत्व र शैली बोकेको हुन्छ। आधुनिकताको नाममा संस्कृतिलाई आफु अनुकुल परिभाषा दिनु र चलाउन खोज्नुले अहिले चाडपर्वको महत्व घट्दै जाने जाने हुन्छ। चाड मनाउने नाउँमा महिनौअघिबाट दर खाने प्रचलन पनि बढेको छ। यो तिज पर्वको पछिल्लो समयमा भित्रिएको विकृतिको अर्को पाटो हो। तिज पर्वमा देखासिकी र प्रतिस्पर्धाले जरो गाड्न थालेको छ। पछिल्लो पुस्तामा देखासिखी गर्ने

बन्नु सक्नु पर्दछ । यसैमा छ तीजको महत्व । निर्जल वा निराहार व्रत बस्ने प्रचलन छ तीजको । तर आफ्नो शरीर र स्वास्थ्यलाई ख्यालमा राखी पानी, जुस, फलफूल र दूध खाने चलन छ। कठोर व्रतले शरीर अनुसार हानी पनि गर्छ अतः आफ्नो स्वास्थ्यलाई ध्यानमा राखी निराहार वा फलाहार रोज्ने त्यो व्रतालुको विचार इच्छा र स्वास्थ्यमा भर पर्ने विषय हो । धर्मका नाममा जबर्जस्ती व्रत पनि बस्नु हुँदैन् । जबर्जस्ती व्रत स्वयंममा प्रत्युत्पादक हुन्छ। तीज तडक भडक र भड्किलो होईन, सभ्य, सरल र संस्कृतीको बन्न सकोस। जित पर्व देखासिकी गर्ने चाड होइन। यो चेलीवेटीले वर्षभरीका दुख सुख साट्ने पर्व हो। यो कोरोना महामारीको संक्रमणबाट बच्दै, यसबाट बच्न सक्ने उपाय तथा सावधानीका उपायहरु अवलम्बन गर्दै यस बर्षको तीज पर्व मनाऔ । जभाभावी भिडभाड गरी नाचगान गर्नु राम्रो हुदैन । किनकी प्रशासनले तोकेको आवश्यक दायरा अवलम्बन गरेर तिज मनाऔं । हरितालिका तीज पर्वको पावन अवसरमा



भुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका

झुलेनी पोष्ट साप्ताहिक

यसरी बन्यो....

। नेपाली काँग्रेसले २२ हजार ८ सय ४६ मत ल्याएको थियो । साना मक्युनिस्ट इतरका शक्तीको मत धेरै न्यून छ । संगठित रुपमा कम्युनिस्ट पार्टी, जनमत बनाउने काम प्यूठानमा मोहनविक्रम सिंहले गरेका थिए । उनैकै अगुवाइमा प्यूठानमा कम्युनिस्ट जनमत फैलाए पनि । सुरुमा काँग्रेस पार्टीको सदस्य रहेका मोहनविक्रमले पछि कम्युनिस्ट राजनीतिमा लागेको बताउँछन् । पहिले आर्य समाज, त्यसपछि नेपाली कांग्रेस र मातृकाप्रसाद कोइराला नेतृत्वको राष्ट्रिय प्रजा पार्टी हुँदै मोहनविक्रम सिंह कम्युनिस्ट संगठनमा लागेका थिए । सिंह २००९ सालमा जुद्धोदय हाइस्कूलका विद्यार्थी थिए । त्यहाँ उनी विद्यार्थी युनियनको अध्यक्ष समेत भए । त्यहीं हुँदा विदेशी हस्तक्षेप विरोधी आन्दोलन थालेका कारणले उनलाई जेल हालिएको थियो । प्यूठानमा कम्युनिस्ट पार्टी बलियो बनाउन २०१० पुस-फागुनमा मोहनविक्रम र अर्का कम्युनिस्ट नेता खगुलाल गुरुङले प्यूठानस्थित रातामाटा स्कुलमा कम्युनिस्ट प्रशिक्षण शिविर चलाएका थिए ।

त्यसबेला प्युठान र रोल्पा एउटै जिल्ला थियो । सिह र गुरुङले करिब डेढ सय जनालाई भेला गराएर पहिलो पटक कम्युनिस्ट पार्टीको प्रशीक्षण चलाएका थिए । त्यही भेलाबाट ७ जना सम्मिलित नेपाल कम्युनिस्ट पार्टी प्यूठान गठन गरियो । संस्थापक ७ मध्ये मोहनविक्रम सिंह र आफू मात्र जीवित रहेको १०४ वर्षीय खगुलाल गुरुङ बताउँछन् । '२०१० साल पुसमा प्यूठानमा नेपाल कम्युनिष्ट पार्टीको जिल्ला संगठन समिति गठन गरेका थियौ,' गुरुङले भने, 'मोहनविक्रम सिंहलाई सचिव बनायौ ।' कम्युनिस्ट पार्टीको गठनपश्चात् प्यूठानमा नयाँ खालको हलचल र जागरण चलेको गुरुङको दावी छ । कम्युनिष्ट पार्टीले एकदमै नयाँ ढंगले राजनीतिक जागरण चलायो । शोषणविरोधी संघर्षको थालनी गरेको गुरुङ बताउँछन् ।

२०११ सालमा मोहनविक्रम सिंहलाई राजा त्रिभुवनले आफ्नो सल्लाहकार सभा सदस्यमा मनोनीत गरे । तर उनले स्वीकारेनन् । राजाले उनलाई सल्लाहाकार बनाएर कम्युनिस्ट गतिविधि रोक्न प्रत्यक्ष थालेका थिए । सिंहले कम्युनिस्टको गतिविधि नछाड्ने उद्देश्यले राजाको आग्रह स्वीकार गरेनन् । त्यतिखेर देशका विभिन्न भागमा किसान संघर्षको सुरुआत चलिसकेको थियो । त्यसबेला एक प्रकारको लहर देखिएको थियो । प्यूठानको नारीकोटमा २०११ फागुनमा किसान आन्दोलन सुरू भयो । राटामाटामा चलाइएको जनता प्रशिक्षण शिविरको पहिलो अभ्यास नारिकोटबाट गरिएको सिहले बताए । 'जनताले हामीलाई धेरै साथ दिएका थिए', खगुलालले भने, 'तत्कालीन व्यवस्थालाई हाम्रो काम राम्रो लागेन ।' किसान आन्दोलनमा साहुहरुको कोदोको भकारी फोरेर गरिबलाई बाड्ने गरेको गुरुङले बताए । त्यसैबेला जग्गा नभएकालाई जग्गा दिइयो । घर नहुनेलाई घरबास ।

साथ सहयोग नहुनेलाई साथ दिइयो ।

नारीकोटको किसान आन्दोलनका दौरानमा मोहनविक्रम सिंहसहित ६ जना नेताहरुलाइ गिरफ्तार गरिएको उनले बताए । करीब १ सय जना नेता कार्यकर्ताले भूमिगत रूपमा संघर्ष चलाएको गुरुङले बताए । पक्राउ परेका व्यक्तिहरूमाथि राजद्रोहको मुद्दा लाग्यो । पक्राउपछि उनीहरु थप खारिएर नेतृत्वमा पुगे । २०१५ सालको चुनावमा प्यूठानका तीनवटा क्षेत्र मध्ये मोहनविक्रम सिंह, खगुलाल गुरूङ र श्यामबहादुर गोदार थापालाई उम्मेदवार बनाइएको थियो । यो बेला रोल्पा प्यूठान एउटै जिल्लाभित्र पर्थे । तर, तीनवटै क्षेत्रमा नेपाली कांग्रेसले जित्यो । यो बेलासम्म प्यूठानमा कांग्रेस बलियो थियो । निर्वाचनमा पराजित भएपछि मोहनविक्रमको शक्ति छिन्नभिन्न भयो । कार्यकर्ताहरु तितरवितर भए । उनी बनारसमा पुगेर त्यहाँ भएका शिक्षित प्यूठानीहरुलाई संगठित गर्नतिर लागे । 'उतिबेला उपल्लो कक्षा पढ्न सबै जना भारतको बनारसमा जानुपर्थ्यो,' गुरुङले भने, 'मोहनजी बनारसबाट फर्केपछि प्यूठानमा बाल कम्युनिस्ट पार्टी पनि गठन गऱ्यौं । हामी फेरि राजनीतिमा लाग्यौं । हाम्रो संगठन त्यसपछि राम्रो हुँदै गयो ।' त्यसबेला गठन गरिएको १३ सदस्यीय बाल कम्युनिस्ट पार्टीको सचिव खेमराज पण्डित थिए । उनी पछि पार्टी छोडेर पंच्यातमा लागेका थिए । बनासरमा पढेर बाल कम्युनिस्ट पार्टीमा आवद्ध भएकाहरु बसै पढलेख गरेका युवा नै थिए । बाहुन समेत कम्युनिस्ट पार्टीमा लागेको खबरपछि प्युठानमा खुबै चर्चा भएको थियो । यहि अभियानमा पण्डितहरुले हलो पनि जोतेका थिए । मोहनविक्रम क्षेत्री जातिका हुन् । प्युठानबाट बाहुन र क्षेत्रीले सुरु गरेको कम्युनिस्ट राजनीतिमा पछि रोल्पा र रुकुमका मगरहरुको बाक्लो सहभागिता रह्यो । उनीहरुले नै प्यूठान र रोल्पाका गाउँगाउँमा कम्यनिस्ट पार्टी फैलाउन सहयोग मिलेको गुरुङको भनाइ छ । कम्युनिस्ट पार्टी विभाजित नहुँदासम्मको अवधिमा प्यूठानमा नेपाल कम्युनिस्ट पार्टीको मूल नेतृत्व सर्वप्रथम मोहनविक्रम सिंहले नै गरे ।

## पटक-पटक विभिजन

२०२५ सालमा पुष्पलालको नेतृत्वमा कम्युनिस्ट पार्टीको तेस्रो सम्मेलन भयो । वामदेव गौतम रूपन्देहीबाट सम्मेलनमा सहभागी भई राष्ट्रिय परिषद् सदस्यमा छानिए । तेस्रो सम्मेलनको असर प्यूठानसम्म पुगिछाड्यो । यस अघिसम्म मोहनविक्रमकै नेतृत्व थियो । प्यूठान जिल्ला कमिटीका एक सदस्य वीरबहादुर सिंह भने पुष्पलाल समूहको पक्षमा उभिए । अरूले पुष्पलालको विरोध गरे । यसरी प्यूठानमा पनि मोहनविक्रम र पुष्पलालको पक्षमा दुईथरी समूहको अस्तित्व देखा पऱ्यो । यसको प्रभाव मुख्यतः लुङ भेगमा केन्द्रित थियो । मोहनविक्रम सिंह, मनमोहन अधिकारी आदिको पहलमा गठित केन्द्रीय न्यूक्लियसको असर पनि प्यूठानसम्म पुग्यो । केन्द्रीय न्यूक्लियसमा प्यूठानबाट मोहनविक्रम सिंह र खिमानसिंह गुरूङ रहे । २०३१ सालमा भएको चौथो महाधिवेशनको अगुवाई स्वयम् मोहनविक्रमले गरेका थिए । विद्यार्थी आन्दोलनमा त्यतिखेर प्यूठानका खड्गबहादुर जिसी र गिरीबहादुर केसी निकै सक्रिय थिए । तर पञ्चायतको दमनसँगै प्यूठानका कैयौं कार्यकर्ताहरू आन्दोलन छोडेर पञ्च्यातमा प्रवेश गर्न पुगेको खगुलालले सुनाए । 'खेमराज पण्डित, सिद्धिमान जीसी, खड्गबहादुर जीसी, गिरिबहादुर केसी, जगतबहादुर जीसी र राममणि पोखरेलगायतका थुप्रै व्यक्तिहरू पञ्च्यातमा समावेश भएका थिए' गुरुङले भने, 'तैपनि हामीले पार्टी बचाएर राख्यौं निकै मुस्किलका साथ ।'

२०४२ मा नेकपा (मशाल) विभाजित भई नेकपा (मशाल) र नेकपा (मसाल) बने । त्यसबेला विचार उस्तै भएपनि मोटो र पातलो स (श र स) गरी समूहगत विभाजन भयो । 'विभाजन अघि बाल कम्युनिस्ट पार्टीमा रहेका सबै एक ढिक्का भएर पार्टी संगठनमा लागेका थियौ', गुरुङले भने, 'पार्टीले खटाएर रोल्पाको थबाङमा संगठन बिस्तारमा लागेका थियौ ।' थबाङमा पहिलोपटक कम्युनिस्ट बनाउन मोहनविक्रम सिंहका साथै मोहन गिरी लगायत पुगेका थिए ।' त्यसबेला कम्युनिस्ट बनाउन ज्यान फालेर लाग्ने चलन थियो ।

शिक्षक बनेर जिल्ला भित्र र बाहिर संगठन बिस्तारमा लाग्दा धेरै हण्डर खाएको कम्युनिस्ट बनाउन रोल्पाको थबाङमा पुगेका गिरीले बताए । टेकुलाल गिरी, दिपक केसी, विद्याधर थापा, गोरखबहादुर केसी लगायतलाई पार्टी संगठन विस्तार गर्न शिक्षक बनाइएको थियो । उनीहरु प्युठान देखि रोल्पा र रुकुमसम्म पुगे । २०४६ मा बहुदलीय व्यवस्थाको स्थापना भएपछि राजनीतिक पार्टीहरूको सक्रियता बढ्यो । बल्ल त्यसपछिको अवस्था बेग्लै भयो । २०४७ साल पुसमा तत्कालीन माले र मार्क्सवादीको बीचमा एकता भई नेकपा (एमाले) बन्यो । २०४८ को चुनाव नेकपा (मसाल) ले बहिष्कार गऱ्यो । २०४९ सालमा भएको स्थानीय चुनावमा भने मसालले अखिल नेपाल किसान संघको नाममा भाग लियो ।

तत्कालीन ३६ गाविससहित जिविस सभापति र उपसभापति दुबै पद मसालले जित्यो । रोल्पामा पनि सभापति लगायतका थुप्रै मशाल निकट जनप्रतिनिधि विजयी भए । रोल्पालाई मुख्य आधार क्षेत्र बनाएको मशालले भित्रभित्रै 'जनयुद्ध' को सुरुआत गर्त 'ग्रामीण वर्गसंघर्ष' को सुरुआत गरिरहेकै थियो । मोहनविक्रम सिंह नेतृत्व त्यागेकाहरुले मोहन वैद्य, रामबहादुर थापा, बर्मन बुढा लगायतको नेतृत्वमा रोल्पा र रुकुमका मगर समुदाय बीच घनिभूत माओवादी विचार फैलाउन अग्रसर थिए । २०५१ मा भएको जिल्ला विकास समितिको चुनावमा प्युठान, रोल्पा र रुकुम गरी खासगरी रापती क्षेत्रमा एमाले र मसालको बीचमा चुनावी तालमेल भइको थियो । त्यसैले अधिकांश जिल्लामा दुवैले संयुक्त प्यानल बनाई जित हासिल समेत गरे ।

२०५४ सालको स्थानीय तहको निर्वाचनमा पनि दुवै पार्टीबीच अधिकांश स्थानमा चुनावी तालमेल भयो । तत्कालीन कांग्रेस र राप्रपासँग तालमेल थियो । २०५२ साल फागुन १ गतेदेखि 'जनयुद्ध' थालेको तत्कालीन माओवादीले चुनाव बहिस्कार गऱ्यो । रोल्पा र रुकुमका प्रायः सबै स्थानीय तहमाथि माओवादी बहिस्कारको बाक्लो प्रभाव पऱ्यो । त्यसबेलाको निर्वाचन मसाल, एमाले, कांग्रेस र राप्रपाका उम्मेदवारले डराईडराई निर्वाचनमा भाग लिए । माओवादीको गतिविधि बाक्लो हुँदै गएकाले ती जनप्रतिनिधिले त्यस अवधिमा आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गर्न पाएनन् ।

यसै बीचमा २०५६ सालमा सरकारले आम निर्वाचन गरायो । त्यसअवधिसम्म प्युठानमा सिंह नेतृत्वको मसालको बाक्लो प्रभाव कायमै रह्यो भने रोल्पा-रुकुममा माओवादी गतिविधिले निस्पक्ष र निर्भय निर्वाचनमाथि गहिरो प्रभाव पारिसकेको थियो । प्युठानका दुवै क्षेत्रमा मसालका उम्मेदवार बिजयी भए । विस २०४८ सालको निर्वाचनमा मसालले निर्वाचन बहिस्कार बाहेक हरेक पटकको निर्वाचनमा कम्युनिस्ट पार्टीले बिजय हासिल गर्दै आएका छन् । २०६४ को निर्बाचनमा माओबादीले र २०७० को निर्माचनमा एमालेले प्यूठानका दुबै सिटमा बिजय भए । भने रोल्पामा माओवादी उम्मेदवार बिजय भए । २०७४ को निर्वाचनमा प्यूठानबाट संघमा राजमोका तर्फबाट सिंह पत्नीले निर्वाचन भइन । भने प्रदेशमा एमाले र माओबादी केन्द्र उम्मेदवार बिजजय भए । यो निर्वाचन एमाले, राजमो र माओबादी केन्द्र एउटै मोर्चा बनाएर निर्वाचनमा होमीएका थिए ।

## नारा गुलिया

प्यूठानबाट सुरु भएको कम्युनिस्ट आन्दोलन मार्फत अघि सारेको नारा गरीबी हटाउने र समानता ल्याउने थियो । तर ती सबै उद्देश्य नारामै सीमित देखिएका छन् । कम्युनिस्टहरुले गरिब-दुःखीको हित र पक्षमा आफूलाई समर्पित गर्दै आएको कम्युनिस्ट नेताहरु दावी गर्छन् । मोहनविक्रमले आफ्नै बुवा खिमविक्रमका विरुद्ध धावा बोलेका थिए । बुवाले गरेका कैयौं तमसुक च्यात्ने, जलाउने र असामीहरूलाई ऋणमुक्त बनाउने काम गरे । 'कम्युनिस्टमा लाग्नु भनेको बुबाको शोषणविरुद्ध लाग्नु जस्तै भयो । म त्यहीं गर्न उत्रिएँ ।' अधियाँ र मोहियानी हकको अधिकार व्यवहारमा लागू गराउन कम्युनिस्टहरुले महत्त्वपूर्ण अगुवाइ गरेका थिए । साथै साउनमा भित्र्याउन काटेको धानबाटै पालुवा हुर्काएर नयाँ रोपाइँ नगरी प्युठानको गेजबाङको फाँटमा पुनः धान फलाउने काम समेत कम्युनिस्टकै अगुवाइमा भयो । बिजुवार, बाग्दुला क्षेत्रमा तोरी खेती गरेपछि गहुँ लगाउने कामको सुरुवात पनि आफूहरुले गरेको सिंहले दावी गरे ।

## पञ्च्यातले कांगेसलाई दवायो

नेपाली कांग्रेसका पूर्व पार्टी सभापति शालिकराम पण्डित यो कुरा स्विकार गर्दैनन् । उनले २०१७ सालसम्म बलियो रहेको काग्रेसलाई राजा महेन्द्रले कु गरेपछि देश निकालामा पर्दा कम्युनिस्टले संगठन विस्तार गर्न मौका पाएको बताए ।

'त्यसबेलाको सत्ता काँग्रेसविरोधी थियो,' पण्डितले भने, 'काँग्रेसका नेतालाई विभिन्न मुद्दा लगाएर जेल हालियो । कतिलाई देश निकाला गरियो ।' २०१७ सालपछि प्यूठानमा कम्युनिस्टहरुले शिक्षक मार्फत् राजनीति गरेर संगठन बलियो बनाएको पण्डितको बुझाइ छ ।

## त्यो गिरीजा काण्ड

२०४७ साल माघ २५ गते नेपाली काँग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइराला प्यूठान आए । बिजयनगरको मुक्ति माविमा कार्यक्रम गरिएको थियो । गिरिजाको भाषण र त्यसको जवाफमा मसालको तर्फबाट गरिएको आक्रामक प्रतिक्रियाका कारण त्यसबेला राष्ट्रिय चर्चाको घटना बनेको थियो । कम्युनिस्टको गढ भत्काउने भन्ने उद्देश्यसाथ कोइराला यहाँ आएका थिए । उनले चको भाषण पनि गरे । तर त्यसैबेला मसालका कार्यकर्ताबाट प्रतिकार भयो । यो घटनासगै कोइराला काठमाडौं फर्केर आफ्नै पार्टीका तर्फबाट अन्तरिम गृहमन्त्री रहेका योगप्रसाद उपाध्यायको राजीनामासम्म मागे । पहिले कोइरालाको उपस्थितिमा नेपाली काँग्रेसले स्वर्गद्वारी क्याम्पसमा आमसभाको कार्यक्रम तय गरेको थियो । मसालको जिल्ला नेतृत्वले पनि उक्त दिन क्याम्पसमै आफ्नो कार्यक्रम गर्ने भन्यो । सर्वदलीय बैठकपछि काँग्रेसले रातामाटा हाइस्कूलमा र मसालले चितिखोलामा कार्यक्रम गर्ने सहमति भएको थियो गिरिजाप्रसादले भाषणमा भन्दै थिए, 'माले,मसाले र मण्डले एउटै हुन् ।' त्यसबीचमै मसालको जुलुस करिब ५/७ हजारको संख्यामा रातमाटामा जम्मा भयो । गिरिजाको भाषणले ज्यादै उत्तेजित भएको भन्दै मसालका कार्यकर्ता जाइलागे । कोइरालासँगै दाङबाट खुमबहादुर खड्का, कुबेर शाहको नेतृत्वमा पचास-साठी जना लडाकु पनि आएका थिए ।

उनीहरूसँग खुकुरी, पेस्तोल र छुरी पनि छ भन्ने हल्लाले मसाल झन उत्तिजित थियो । 'त्यतिखेर प्यूठानमा मसालको गतिविधि र सक्रियता ज्यादै बढी थियो,' तत्कालीन कांग्रेस पार्टी सचिब पण्डितले भने, 'त्यसकारण गिरिजाको भ्रमणका क्रममा के हुने होला ? भन्ने सन्त्रास उत्पन्न भएको थियो ।'

मसालका कायृकर्ताले कांग्रेसको कार्यक्रम भइरहेको ठाउँ घेरा हाले । स्कूलमाथिबाट ढुङ्गा प्रहार गरियो । प्रहरीले लाठी चार्ज र हवाई फायर गऱ्यो । ८/१० जना घाइते भए । मसाले प्यूठान भालुबाङ सडकमा ठूलाठूला ढुंगा राखेर सडक अवरुद्ध गरेको थियो ।

राति १२ बजे प्रहरी र काँग्रेस कार्यकर्ताले अवरुद्ध पारिएको बाटो खोले । रातिको दुई बजेमात्रै प्रहरीको सहयोगमा कोइराला दाङ पुग्न सफल भएका थिए ।

घटनामा संलग्न भएको आरोपमा मसालका हरि आचार्य, चेतनाथ योगी समेत १७ जनामाथि प्रशासनले सार्वजनिक अपराधको मुद्दा लगाइयो । पछि हरि आचार्य, चेतनाथ योगीसहित ११ जनाले २०५४ फागुन ३ मा 'अब सार्वजनिक अपराध नगर्ने भनी कागज गरे मुक्त भए ।

---

पाठेघर.....

हो, ह्युमन पापिलोमा भाइरस (एचपीभी)। यो भाइरस धेरै प्रकारको हुन्छ, जसमध्ये एचपीभी १६ र एचपीभी १८ ले संक्रमणले पाठेघरको क्यान्सर गराउने डा. बताउँछिन्। शारीरिक सरसफाइमा ध्यान नदिने र धेरै जनासँग शारीरिक सम्पर्क गर्ने महिलालाई यो भाइरसको संक्रमण हुने सम्भावना बढी हुन्छ।

*सार्ने पुरुष*

ह्युमन पापिलोमा भाइरस महिलामा आफैं आउने होइन। यो पुरुषबाटै सर्ने हो। 'पुरुषबाटै महिलामा भाइरस सर्ने हो। असुरक्षित यौन सम्पर्कबाट भाइरस सर्ने हुन्छ', डा. श्रेष्ठले भनिन्। शारीरिक सम्पर्कका क्रममा छालाबाट छालामा भाइरस फैलिन्छ। यसको अर्थ शारीरिक सम्पर्क नै नगरेका महिलालाई पाठेघरको मुखको क्यान्सर हुँदैन भन्ने चाहिँ होइन। तर उनीहरूमा एचपीभी भाइरसको संक्रमणको सम्भावना भने न्यून हुन्छ। यद्यपि वंशाणुगत कारण वा धूमपानजस्ता कारणले पनि पाठेघरको मुखको क्यान्सर हुन सक्छ। मद्यपान एवं धूमपान सेवन गर्ने, खानपिनमा ध्यान नदिने र कुपोषण भएका महिलामा यो रोग लाग्ने सम्भावना बढी हुन्छ। त्यस्तै सरसफाइको कमीले पनि सम्भावना बढाउँछ। त्यसैले प्रजननका दृष्टिले सक्षम कुनै पनि महिलालाई पाठेघरको मुखको क्यान्सर हुन सक्छ। विशेषगरी ३० वर्षदेखि माथिका बिहेवारी भइसकेका अथवा शारीरिक सम्पर्क भइसकेका महिलामा पाठेघरको मुखको क्यान्सर हुने सम्भावना बढी हुन्छ। नेपालमा बालविवाह अझै हुने र धेरै बच्चा जन्माउने कारण पनि गाउँका महिलालाई पाठेघरको मुखको क्यान्सरले सताउने गरेको छ। यौन व्यवसायमा लागेका अथवा परपुरुषको संसर्गमा रहेका महिलामा पनि यो रोग लाग्ने सम्भावना हुन्छ। 'असुरक्षित यौन सम्पर्क गर्नेहरूमा रोगको जोखिम बढी हुन्छ। सेक्स पार्टनर बढी गराउनेहरू झन् बढी सजग हुनुपर्छ। पुरुषहरूबाट भाइरस सर्छ र महिलालाई क्यान्सर गराउँछ', डा. श्रेष्ठ भन्छिन्। क्यान्सर रोगविशेषज्ञहरूले गरेको एक अध्ययनअनुसार २६ हजारदेखि ४५ हजार नेपाली महिलालाई भविष्यमा पाठेघरको क्यान्सर हुन सक्ने सम्भावना देखिएको छ।

चाहिन्छ नियमित जाँच

क्यान्सरले एक चरण पार गरेपछि मात्र लक्षण देखिने हुँदा यसको नियमित जाँच पहिलो आवश्यकता हो। विशेषज्ञका अनुसार पाठेघरमा ह्युमन पापिलोमा भाइरस संक्रमण भएको पाँचदेखि दस वर्षमा यसले आफ्नो वर्चश्व स्थापित गरिसक्छ। त्योभन्दा पहिल्यै उपचार गर्न आएको अवस्थामा निको हुने सम्भावना बढी हुने चिकित्सकहरू बताउँछन्। तर त्यसका लागि नियमित परीक्षण आवश्यक छ। परीक्षणका अनेक विधि छन्। सबैभन्दा सहज विधि प्याप स्मेयर र भीआईए परीक्षण हो।

प्याप स्मेयर जाँच विधिमा सानो औजारको माध्यमबाट पाठेघरको मुखबाट झरेका कोषिकाहरू लिइन्छ। त्यसलाई स्लाइडमा टाँसेर प्याथोलिजिस्टसमक्ष पठाइन्छ। तीन दिनभित्र रिपोर्ट आइसक्छ। यो जाँच गर्दा बेहोस पार्नु पर्दैन। धेरै खर्च पनि लाग्दैन। प्याप जाँचले पाठेघरको तल्लो भाग अर्थात् मुखमा हुने संक्रमण, क्यान्सर हुने सम्भावना वा क्यान्सर भएनभएको पत्ता लगाउन सकिन्छ। यो जाँच गराउनु दुई दिनअघि यौन सम्पर्क गर्नु हुँदैन। महिनावारी भएको बेलामा यो जाँच गर्नु हुँदैन। एक हप्तादेखि एन्टिबायोटिक औषधि खानु हुँदैन।

# गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पुजा, प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

**विषय : गौमुखी गाँउपालिका क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, आदि) संकलन/उत्खनन् तथाविक्री सम्बन्धीसिलबन्धी दरभाउ-पत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०५/२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र ६४ को प्रावधान एवं गौमुखी गाँउ कार्यपालिकाको निर्णय बमोजिम यस गाँउपालिका क्षेत्र भित्र कार्यालयले तोकेको दररेटका आधारमा वार्षिक न्युनतम रकम बाट बढाबढ हुने गरी चालु आ.व. २०७८/०७९को लागी ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् तथा विक्री गर्ने प्रयोजनार्थ देहायका स्थानहरुमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्थाहरुबाट निम्न लिखित शर्तहरुका अधिनमा रही आफ्नो फर्म/संस्थादर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. २०७७/०७८को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रित पूर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | विवरण | न्युनतम अङ्क अग्रिम आ.क.र मु.अ.क. बाहेक | दरभाउ-पत्रफारम दस्तुर | धरौटी रकम | दरभाउ-पत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ०७८/०७९/०१ | हर्यखोला-भैसीबुडे-सालि विसौना (नारिकोट-खुङ-लिवाङ) दोभान, फड्के (खुङ-पुजा) क्षेत्र, खुङ मसानघाट-पुजा मसानघाट क्षेत्र, सिरुङखोला क्षेत्र र अर्खाको हार्जाखोला क्षेत्र । | ७,००,०००/- | १,०००/- | कबोल अंकको ५५ (पाँचप्रतिशत) | १५ दिनभित्र |

१. गौमुखी गाँउ कार्यपालिकाले नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदि) को प्रति क्यु.फिट रु.४।०० (कर बाहेक) तोकेको हुँदा सो भन्दा बढि लिन दिन पाईने छैन ।
२. दरभाउ-पत्र सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको शुल्क बुझाई प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउ-पत्रहरु शिलबन्दी गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियम अनुसार दर्ता हुन आएका दरभाउ-पत्रहरु सोही दिनको २:०० बजे दर भाउ-पत्र दाता वा नीजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा
खोलिनेछ । दरभाउ पत्रदाता उपस्थिती नभएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा हुने छैन ।
३. दर भाउ-पत्र खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाहरुले व्यवसाय दर्ता-नविकरण प्रमाण पत्र, स्थायी लेखा नं./मु.अ.करको प्रमाण पत्र र आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।
४. दरभाउ-पत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्ट संग लेखी कवोल अङ्क को ५५ ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल एसविआई बैंक ठुलावेसी प्युठानमा रहेको धरौटी खाता नं. ४१४९५२४१२०७००२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही र कम बराबरको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानी पत्र शीलबन्दी दरभाउ-पत्र साथ पेश गर्नुपर्ने छ । कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखीएको रकमलाई मान्यता दिइने छ ।
५. दरभाउ-पत्र स्वीकृत भएपछि दरभाउ-पत्रदाताले मान्यता प्राप्त बैंकले यस कार्यालयका नाउँमा जारी गरेको कम्तीमा आगामी २०७७ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ ।
६. ठेक्का सम्झौता गर्दा कबोल अङ्कको मु.अ.कर १३% र अग्रिम १.५ % रकम थप गरी सम्झौता रकम कायम गरीनेछ।
७. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत बुझाएमा औचीत्यका आधारमा १०% सम्म छुट दिन सकिनेछ ।
८. ठेक्का अङ्कलाई २ किस्तामा बिभाजन गरी सम्झौता हुँदा ५०% र बाँकी ५०% रकम सम्झौता अवधी भित्र बुझाउनु पर्नेछ ।
९. कुनै सर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको दरभाउ-पत्र माथी कुनै कारवाही हुने छैन ।
१०. पेश भएका दरभाउ-पत्रहरु स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
११. व्यक्तिको निजी वा भोग चलनमा रहेको जग्गा, नदि/खोलामा राखिएका पुलहरुको ५०० मिटर तल माथी सार्वजनिक महत्वको स्थान नजिक नदि जन्य पदार्थ उठाउन पाउने छैन ।
१२. नदि जन्य पदार्थ उत्खनन्/सङ्कल नगर्दा एक्साभेटर, डोजर, जे.सि.वी. लगाएतका हेभी मेसीनरी साधनहरु प्रयोग गर्न पाउने छैन ।
१३. नदी जन्य पदार्थको सङ्कलन/उत्खनन् कार्य विहान सुर्योदय देखी वेलुका सुर्यास्त नहुँदा सम्म मात्र गर्न पाउने छ । नदी किनार र सार्वजनिक स्थानमा घाटगद्दी पाइने छैन । दरभाउ-पत्रदाताले आफ्नो जग्गाको छुट्टै व्यवस्था गरी घाट गद्दी गर्नु पर्नेछ ।
१४. सम्बन्धीत निकायले तोकेको सडक सिमा र मापदण्ड भित्रका क्षेत्रमा नदी जन्य पदार्थ सङ्कलन वा सञ्चय तथा सामग्री बोकेका ढुवानीका साधनहरु पार्किङ गर्न, पानीले भिजेको र पानी चुहिने बालुवा बोकी ढुवानीका साधनहरु गुडाउन पाइने छैन । साथै ढुवानी गर्दा सामग्री छोपेर मात्र ढुवानी गर्नुपर्नेछ ।
१५. नेपाल सरकारको मौजुदा कानून अनुसार असार, श्रावण र भाद्र मसान्त सम्म नदि जन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्य गर्न नपाइने भएको हुँदा उक्त नियमको पूर्ण पालना गर्नुपर्नेछ ।
१६. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदिकारण देखाइ छुट वा मिनाहाको दावा गर्न पाइने छैन । नदी जन्य पदार्थ सङ्कलन तथा उत्खनन् वा ढुवानी कार्य गर्दा विवाद उत्पन्न भएमा स्वंय दरभाउ-पत्रदाताले सुल्झाउनु पर्नेछ ।
१७. माथी उल्लेखीत शर्तहरुको अधिनमा रहीकार्य नगरेमा वा गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता तोकिएको समयमा नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । त्यस्तो अशुल गर्नुपर्ने रकममा १०% थप क्षति पूर्ती जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
१८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
साथै कार्यालयको फोन नं. ९८५७८३६३१९ मा जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

---

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यलय, प्यूठान

मिति :-२०७८/०५/१०

विषय : नामसारी सम्बन्धि ३५ दिने सूचना ।

प्रस्तुत विषयमा प्यूठान जिल्ला साविक धर मपानि गा.वि.स.वडा नं. -८, हाल मल्ल रानी गा.पा.वडा नं.-३, बस्ने छबे दमाईले यस कार्यलयमा दिएको निवेदन माग दावी अनुसार निजको काईली आमा नाताकी ज.ध. हरि दमेनिको २०५१/०३/२२ मा मृत्यु भएको हो । निज मृतक ज.ध.का श्रीमान् हस्तेको २०४५/०३/२५ गते मृत्यु भएको हो ।
निज मृतक ज.ध.दम्पती हस्ते र हरि दमेनिबाट कुनै सन्तानको जायजन्म नभएको, भतिजो छबे दमाई बाहेक नजिकको अन्य हकदार कोहि नभएको, हरि दमेनिका पति हस्तेका ५ भाईहरु मध्ये जेठो श्याम दमाई, माहिलो हरि दमाई, साहिलो गोजरे दमाई, काहिलो स्वयम हस्ते दमाई र कान्छो रिखे दमाई रहेको सबैको मृत्यु भएको र भतिजो नाताका निवेदक छबे दमाईले काईली आमा मृतक ज.ध.हरि दमेनिको पालन पोषण, स्वास्थ्य उपचार, मृत्यु पछि काज क्रिया गरेको भनि मल्लरानी गा.पा. वडा नं.-३, को किटानी सिफारिसबाट खुल्न आएको छ।
मृतक ज.ध. हरि दमेनीको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक दाङबाङ गा.वि.स. वडा नं.-३, को कि. नं. १११९ को जग्गा स्थानीय तहको किटानी सिफारिस सहित नामसारी गरि पाउँ भनि यस कार्यालयमा मिति ०७८/०५/०८ गते जग्गा धनिको भतिजा नाताका छबे दमाईले निवेदन गरेको माग दावी अनुसार नामसारी सम्बन्धी ज.ध.को हकवालाको नाममा हकदावीको ३५ दिने सुचना प्रकाशित गरि एको छ । सो सुचनामा अन्य कोहि हकदार भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित हकदावी गर्न आउनुहोला अन्यथा मृतक ज.ध.को पालताल गर्ने निवेदक छबे दमाईको नाममा नामसारी भै जाने व्यहोरा सूचित गरिन्छ।

---


## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

**"आजका अभिभावकको ईच्छा सन्ततीलाई प्राविधिक शिक्षा"**
**जनता मा.वि. बाग्दुलामा जाऔं, प्राविधिक शिक्षा पाऔं**

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद CTEVT बाट मान्यता प्राप्त सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत यस जनता माध्यमिक विद्यालय बाग्दुला प्यूठानमा विगत लामो समय देखी १८ महिने Pre Diploma In Computer Engineering कोर्षमा पठन पाठन हुँदै आएको र यस शैक्षिक शत्र २०७८/०७९ को लागि नयाँ भर्ना आवेदन खुलेको सबैमा सहर्ष जानकारी गराउँदछौं ।

आवेदन फारम भर्ने अन्तिम मिति :
२०७८ भाद्र २३ गतेसम्म

सिट : ४० जनामात्र

हाम्रा विशेषताहरु :
१. सरकारी भएको हुँदा कम खर्चमै प्राविधिक शिक्षा प्राप्त गर्न सकिने ।
२. दक्ष तथा अनुभवी प्रशिक्षकहरुद्वारा अध्यापन गराइने ।
३. शान्त तथा मनोरम वातावरणमा अध्यापन गराइने ।
४. अत्याधुनिक Computer Lab को व्यवस्था भएको ।
५. विद्युत नभएको बेला सोलार तथा जेनेरेटरको व्यवस्था भएको
६. ग्रेड E आएका विद्यार्थीले पानी पढ्न पाउने व्यवस्था भएको ।
७. गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था भएको ।



सम्पर्क स्थान : जनता माध्यमिक विद्यालय बाग्दुला, प्यूठान
फोन : ०८६-४१००६७, ९८४७८२१६८८, ९८४७९६१५५२


---

## सूचना ! सूचना !! सूचना !!!

**सटर भाडामा लगाउने सम्बन्धि सुचना।**

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/१६)

यस नागवेली वहुउद्देश्यीय कृषि सहकारी संस्था लि. प्यूठान न.पा. ३ प्यूठान जुम्रीमा निर्माण गरेको थोक बजारमा व्यावसायिक सटरहरु सञ्चालन गर्न भाडामा लगाउने भनी सञ्चालक समितीको मिती २०७८ भदौ ८ गते को निर्णय अनुसार देहायमा उल्लेखित सर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र रितपुर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सबै को जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| क्रस | भाडा लगाउने सटरहरुको मुख्य प्रयोजन | सटर संख्या | निर्धारित भाडा रकम | कैफियत |
|---|---|---|---|---|
| १. | फलफुल तथा ताजा तरकारी बिक्रि बितरण केन्द्र | २८ ओटा | न्यूनतम रु ४,०००।- | |
| २. | पशुजन्य उत्पादन बिक्रि केन्द्र (माछा, मासु तथा दुध डेरी ) | | | |
| ३. | कृषि तथा पशुजन्य सामाग्री बिक्रि केन्द्र | | | |
| ४. | स्थानिय उत्पादित बस्तुहरुको विक्रि केन्द्र | | | |
| ५. | अन्य विक्रि केन्द्र | | | |

सर्तहरु :
१. सटर भाँडामा लिन चाहने ईच्छुक व्यक्तिहरुले कुन प्रयोजनको लागि सटर लिन चाहेको हो सोको उल्ले गरी नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फोटो, व्यवसाय दर्ता भएको भए दर्ता प्रमाण पत्र तथा अन्य कागजातहरु संलग्न राखि निवेदन पेश गर्नु पर्ने छ।
२. निवेदन दस्तुर वापत रु ३००।- लाग्ने छ। (पछि फिर्ता हुने छैन )
३. प्रति सटर भाडा दर न्युनतम रु ४०००।- रहनेछ।
४. सटर दिने वा नदिने अधिकार संस्थामा निहित रहने छ।
५. सुचनाको म्याद समाप्त भएको दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन अन्तिम दिन मानिनेछ।
६. अन्य सर्तहरु लागु हुनेछन्।

द्रष्टव्य: संस्थाको शेयर सदस्यहरुलाई विशेष प्राथमिकता दिइने छ।
अन्य जानकारीका लागि कार्यालय फोन ०८६-४६०३८१
व्यवस्थापक दिपक गौतम ९८६७८११५८६

अध्यक्ष
विष्णुपाण्डे

**नागबेली बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेड**
प्यूठान न.पा- ३,प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान